# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ७४ | काठमाडौं | शुक्रबार, २१ असार २०८१ | Prabhab National Daily | Friday, July 05, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


नेकपा एसको नेतृत्व चयन

## झलनाथ नखुल्दा अध्यक्षमा दोहोरिए नेपाल



**काठमाडौं–** नेकपा एकीकृत समाजवादी (एस)को १० औँ महाधिवेशनमा सम्मानित नेता झलनाथ खनालको साथ नपाएपछि नेता घनश्याम भुसालले दाबेदारी छाडेर अध्यक्षमा माधवकुमार नेपाललाई स्वीकार गरेका छन् । भुसाल अन्तिममा अध्यक्षको दौडबाट पछि हट्नु पर्‍यो । यससँगै नेपाल अध्यक्ष भए भने भुसालले पुनः महासचिव पदमै चित्त बुझाउनु पर्‍यो । अध्यक्षमा भिड्ने तयारीका साथ महाधिवेशनमा होमिएका भुसाल अन्ततः सम्मानित नेता झलनाथ खनालले साथ नदिएकै कारण फेरि महासचिवमै दोहोरिए ।

केही दिन पहिला युवा नेताहरू मिलेर खनाल र भुसाललाई एक टिममा ल्याएका थिए । खनालले भुसाललाई सहयोग गर्ने घोषणा पनि गरेका थिए । तर, महाधिवेशन उदघाटनसँगै खनाल भुसालप्रति नखुलेपछि भुसालले माधव नेपालसँग अध्यक्षमा भिड्ने हिम्मत गर्न सकेनन् ।

माधवकुमार नेपालले सुरुबाट नै सर्वसम्मत नेतृत्व चयन गर्ने प्रस्ताव गरेका थिए । तर, नेपालको उक्त प्रस्तावप्रति भुसाल सुरुमा सकारात्मक बनेनन् । महाधिवेशन उद्घाटनको दोस्रो दिन खनाल-भुसाल पक्षले भेला राखेर खनालले सम्बोधन गर्ने र भुसाललाई अध्यक्षमा अगाडि सार्ने तयारी थियो । तर, अन्तिममा खनालले नै भेला नगरौं भनेपछि भेला नै हुन नसकेको भुसालनिकट एक नेताले बताए ।

'१७ गते बिहान हाम्रो पक्षको भेला गरेर जेएन कमरेडले सम्बोधन गर्ने र भुसाललाई अध्यक्षमा अगाडि सार्ने तयारी भएको थियो । तर, अन्तिममा धोका दिएपछि भेला स्थगित भयो । त्यो दिनबाट हाम्रा प्रतिनिधिहरू पनि यताउता भए । जेएनले धोका दिएपछि भुसाल कमरेड अध्यक्षमा लड्नु भएन', उनले भने ।

नेकपा एसको महाधिवेशनमा अध्यक्षमा नेपाल र भुसालबीच प्रतिस्पर्धा हुने भन्दै प्रतिनिधिहरू पनि दुई पक्षमा विभाजित भएका थिए । प्रतिनिधिहरूलाई आ-आफ्नो पक्षमा पार्न दुवै पक्षले युवा परिचालन गरेका थिए । नेपाल पक्षले सुरुदेखि नै सर्वसम्मत भन्दै आएको थियो, जसको असर दस्तावेजमाथिको छलफलमा पनि परेको थियो । राजनीतिक दस्तावेजमाथि समूहगत रूपमा छलफलपछि रिपोर्टिङ गर्ने क्रममा १२ वटै समूहका टोली नेताहरूले अध्यक्ष र महासचिव सर्वसम्मत चयन हुनुपर्ने निष्कर्ष निकालेका थिए ।

१२ समूहमध्ये सातवटा समूहका नेता भुसाल पक्षका थिए । तर, ती सबैले अध्यक्ष र महासचिवमा सर्वसम्मत गर्नुपर्ने समूहको निष्कर्ष सुनाएका थिए । माधव नेपालसँग भिडेर चुनाव हार्ने स्थिति भएपछि भुसाल पक्षका समूह नेताले यस्तो पनि सर्वसम्मतको रटान लगाएका हुन् । भुसाल समूहका एक टोली नेताले भने, 'जेएनले उचाल्नुभयो । तपाईंलाई सहयोग गर्छु भन्नुभयो । हामी पनि हो त भनेर निर्वाचन लड्नुपरे पनि अध्यक्षमा घनश्याम दाइलाई अगाडि सार्ने भनेर खुलेर लागियो । तर, अन्तिममा जेएनले धोका दिनुभयो । उल्टै माधव कमरेडतिर लाग्नुभयो । अध्यक्ष भुसाललाई बनाउनु हुन्न भन्नुभयो । हाम्रा पक्षमा खुलेका प्रतिनिधि पनि माधव कमरेडतर्फ लाग्नुभयो ।'

खनालले भुसाललाई समर्थन गर्ने भन्दै युवाहरूसहित छलफल गरेका थिए । खनाल र भुसाल मिलेपछि हौसिएका नेताहरू अध्यक्षमात्र होइन, सबै पदमा निर्वाचनमा नै जानुपर्ने बताइरहेका थिए । नरेशकुमार शाहीलगायत युवा नेताहरूले नेतृत्व हस्तान्तरणको नारा लगाएका थिए । खनाल र भुसाल एक भएपछि प्रतिस्पर्धामा जाँदा पनि बराबरको अवस्था आउने आकलन थियो । तर, अन्तिममा खनालले धोका दिएपछि भुसाल आफैं पनि सर्वसम्मतको पक्षमा उभिएका हुन् ।

# गृहमन्त्रीको पद थमौतीले लामिछाने ढुक्क

महान्यायाधिवक्ताको कार्यालयले जाहेरी अभियोग दर्ता रहे, नरहेको विषयमा प्रत्यर्थीलाई जानकारी गराउन नसक्ने वा नपाउने भन्न मिल्ने देखिएन ।

■ **सपना मल्ल**
**न्यायाधिश**

लामिछानेविरुद्ध उठेका पत्रहरूको सन्दर्भमा प्रतिरक्षा गर्नु रहेको भन्ने देखिन आएबाट स्वच्छ तवरले सूचना माग गरिएको भनी विश्वास गर्न मिल्ने अवस्था समेत देखिएन ।

■ **सारंगा सुवेदी**
**न्यायाधिश**



- न्यायाधीशहरु सपना प्रधान मल्ल र सारंगा सुवेदीको मुद्दामा राय बाझियो
- गृहमन्त्री लामिछानेविरुद्ध परेको रिट अब पूर्ण इजलासमा जाने
- तत्कालका लागि संकट टरेकोमा लामिछाने केही दिन ढुक्क

■ **जेबी योञ्जन**

**काठमाडौं–** सर्वोच्च अदालतका दुई न्यायाधीशको मत बाझिएपछि उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको पद तत्कालका लागि जोगिएको छ । उनीमाथि निलम्बनको माग गरिएको मुद्दामा न्यायाधीशहरू सपना प्रधान मल्ल र सारंगा सुवेदीको मत बाझिएको हो । यससँगै लामिछाने केही दिन भए पनि ढुक्क भएका छन् । मंगलबारयता लगातार तेस्रो दिन सुनुवाइ सकेपछि बिहीबार फैसला आउने अपेक्षा गरिएको थियो । तर, दुई न्यायाधीशको राय बाझिएपछि फैसला आएन ।

सहकारी ठगीबारे लामिछानेविरुद्ध कतै पनि उजुरी नपरेको भन्दै महान्यायाधिवक्ताको कार्यालयले गत वैशाख २४ गते दिएको पत्रविरुद्ध परेको रिट निवेदनमा महान्यायाधिवक्ता दिनमणि पोखरेल र रवि लामिछानेलाई विपक्षी बनाइएको थियो । रिट निवेदक भने अधिवक्ता अनुपम भट्टराई हुन् । उनले दायर गरेको रिटमा यसअघि अदालतले जिल्ला अदालत रूपन्देहीबाट सहकारी ठगीबारे जीबी राईसहित विभिन्न व्यक्तिविरुद्ध दायर मुद्दाको मिसिल कागज झिकाउनु आदेश दिएको थियो । यद्यपि, दुवैको राय बाझिएपछि यो रिटमा अब तीन न्यायाधीशको इजलासले सुनुवाइ गर्ने छ ।

न्यायाधीश मल्लले हरेक व्यक्तिलाई आफूविरुद्ध भएका कारबाहीबारे सूचनाको हक हुने नै देखिएको भन्दै लामिछानेलाई महान्यायाधिवक्ताको पत्र बदर गर्नु नपर्ने राय दिएकी छन् । उनका अनुसार नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने व्यवस्था गरेको न्यायाधीश मल्लको आदेशमा उल्लेख छ । प्रत्येक व्यक्तिलाई निजकोविरूद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुने संवैधानिक व्यवस्था पनि उनले उल्लेख गरेकी छन् ।

महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मागदर्शनले पनि गोपनीयता राख्नुपर्ने विषयबाहेक सरोकारवालाले माग गरेमा मुद्दाको कारबाही सम्बन्धी सूचना जानकारी दिनुपर्ने व्यवस्था रहेको देखिएको छ र त्यही भएर महान्यायाधिवक्ताको कार्यालयले जाहेरी अभियोग दर्ता रहे, नरहेको विषयमा प्रत्यर्थीलाई जानकारी गराउन नसक्ने वा नपाउने भन्न मिल्ने देखिएन', न्यायाधीश मल्लको आदेशमा भनिएको छ ।

न्यायाधीश सुवेदीको आदेशमा भने गृहमन्त्रीले मागेको सूचना स्वच्छ मनले नमागिएको तर महान्यायाधिवक्ताले दिएको पत्रको आधारमा अनुसन्धान र अभियोजनमा अवरोध पनि नपुग्ने भन्दै पत्र बदर गरिरहनु नपर्ने उललेख छ ।

'रवि लामिछानेले सूचना माग गरेको वैशाख १० को पत्र ब्यहोराबाट नै सहकारीको रकम हिनामिना सम्बन्धमा आफ्नो विरूद्ध उठेका पत्रहरूको सन्दर्भमा प्रतिरक्षा गर्नु रहेको भन्ने देखिन आएबाट स्वच्छ तवरले सूचना माग गरिएको भनी विश्वास गर्न मिल्ने अवस्था समेत देखिएन', न्यायाधीश सुवेदीको आदेशमा भनिएको छ', महान्यायाधिवक्ताको कार्यालयबाट अपराध अनुसन्धान अभियोजनको जानकारी सम्बन्धमा दिइएको पत्रको आधारमा अपराध अनुसन्धान तहकिकात गर्ने, अभियोजन गर्नेसमेतका कार्य गर्न कुनै किसिमले अवरोध नपुग्ने र कानुन बमोजिमको वैधता नै नभएको उक्त पत्रले आमनागरिकको न्याय प्राप्त गर्ने अधिकारमा कहीँ कतैबाट अवरोध पुग्न नसक्ने हुँदा त्यस्तो पत्र बदर गरिरहनु औचित्यपूर्ण समेत नहुने ।'

संविधानले सूचनाको हक हुने भने पनि सूचनाको हक सम्बन्धी कानुनले अपराध अनुसन्धान र अभियोजनमा असर गर्ने सूचना प्रवाह गरिने छैन भनेर लेखिएको न्यायाधीश सुवेदीको आदेशमा उल्लेख छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## वैदेशिक रोजगारीमा ठगी गर्नेलाई राख्न छुट्टै हिरासत कक्ष बनाइने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीका क्षेत्रमा ठगीका घटना बढ्दै जान थालेपछि आफ्नै हिरासत कक्ष बनाउने तयारी गरेको छ । संस्थागत तथा व्यक्तिगत ठगी कसुरमा पक्राउ परेका व्यक्तिहरूलाई प्रहरी हिरासतमा राख्ने गरेकोमा चाप बढ्दै गएका कारण सहजीकरणका लागि मन्त्रालयले हिरासत कक्ष बनाउने तयारी गरेको हो ।




वैदेशिक रोजगारको ठगी सम्बन्धि कसुरमा पक्राउ परेका व्यक्तिहरूलाई हाल महानगरी प्रहरी वृत्त कालिमाटीमा राख्ने गरिएको छ । हाल ठगीका घटना बढ्न थालेको र प्रहरी वृत्तमासमेत चाप पर्न थालेपछि मन्त्रालय आफ्नै हिरासत कक्ष बनाउने तयारीमा लागेको एक उच्च अधिकारीले बताए । 'ठगीको कसुरमा जतिपनि पक्राउ पर्छन् ती सबैलाई प्रहरी वृत्त कालिमाटीमा राख्ने गरिएको छ, उनीहरूलाई प्रहरीकै सहयोगमा पक्राउ गर्छौं र प्रहरी वृत्तमा नै लागेर राखिरहेका छौं, जसले गर्दा प्रहरी हिरासत कक्षमा चाप परिरहेको छ, यसको सुधारका लागि अब आफ्नै हिरासत कक्ष बनाएर त्यहीबाट अनुसन्धान सुरु गर्ने मन्त्रालयको तयारी छ,' ती अधिकारीले भने ।

हिरासत कक्ष मन्त्रालयले नभई मन्त्रालय अन्तरगतको वैदेशिक रोजगार विभागले बनाउने र सञ्चालनमा ल्याउने ती अधिकारीको भनाई छ । वैदेशिक रोजगार ऐन २०६४ मा भएको व्यवस्था बमोजिम वैदेशिक रोजगार सम्बन्धी कसुरको अनुसन्धान र तहकिकात विभागले नै गर्न सक्ने व्यवस्था छ । जसमा ऐन विपरीत कुनै कसुर गरेको वा हुन लागेको कुरा कसैको उजुरी परे वा अन्य कुनै तरिकाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विभागलाई जानकारी भएमा विभागले कम्तीमा राजपत्रांकित तृतीय श्रेणीको अधिकृतलाई अनुसन्धान अधिकृत तोकेर अनुसन्धान गर्न सक्ने व्यवस्था छ ।

वैदेशिक रोजगारको कसुरमा अनुसन्धानको क्रममा खटिने अधिकृतलाई प्रहरीले आवश्यक सहयोग गर्नुपर्ने ऐनमा उल्लेख गरिएको छ । अनुसन्धानको क्रममा अनुसन्धान अधिकृतले अभियुक्तलाई बयान गराई तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने पर्याप्त आधार भएमा कारण खोली तारेखमा राख्न, धरौटी वा जमानत लिई छाड्न वा धरौटी वा जमानत दिन नसकेमा मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राखी कारबाही गर्न वा एक पटकमा सात दिनमा नबढाई बढीमा ३० दिनसम्म मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राख्न सकिने कानुनी व्यवस्था छ ।

सोही ऐनलाई आधार मानेर मन्त्रालय हिरासत कक्ष बनाउने तयारीमा लागेको बताइएको छ । वैदेशिक रोजगारीमा हुने ठगीका घटना दिनप्रति बढ्दै गएका कारण पक्राउ परेका आरोपीहरूलाई आफ्नै हिरासत कक्षमा राखेर अनुसन्धान बढाउन सहज हुने भएकाले त्यसको तयारी गर्नु आवश्यक रहेको विभागका महानिर्देशक डण्डुराज घिमिरेले बताए । 'अन्य अभियुक्तसँग वैदेशिक रोजगारसम्बन्धी कसुरका अभियुक्तहरूलाई पनि प्रहरीकै हिरासत कक्षमा राख्नुपर्दा ठाउँको अभाव भएको गुनासो आउने गरेको छ,' उनले भने । विभागको सहजताको लागि पनि आफ्नै हिरासत कक्ष बनाउनुपर्ने बाध्यता रहेको महानिर्देशक घिमिरेले बताए ।

## साउदीमा थप ४९ जनालाई 'एक्जिट भिसा'

**काठमाडौं, (प्रस)–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ४९ जना नेपाली श्रमिकले 'एक्जिट भिसा' पाएका छन् । साउदीस्थित नेपाली राजदूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले. हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका उनीहरूलाई एक हप्ताभित्र दुई पटक गरी एक्जिट भिसा दिएको हो ।

गैरकानुनी रूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीति अनुरूप साउदी अध्यागमनले थुप्रै विदेशी श्रमिकलाई एक्जिट भिसा दिइरहेको छ । यसै क्रममा तीन हजार ६०० बढी नेपालीहरूले विभिन्न मितिमा एक्जिट भिसा पाइसकेको दूतावासले जनाएको छ ।

एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने भएकाले यसबापत कुनै पनि निकायमा शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने दूतावासले प्रस्ट पारेको छ । साथै भिसा दिने सम्पूर्ण अधिकार साउदी अध्यागमन कार्यालयसँग मात्रै हुने उल्लेख गरिएको छ । यदी कुनै पनि अवस्थामा अफ्ठ्यारोमा परेका नेपालीहरूलाई आवश्यक जानकारी र सहजीकरणका लागि रियादस्थित दूतावासको कार्यालय र जेद्धास्थित नेपाली महावाणिज्यदूतावासमा बिदाको दिनबाहेक कार्यालय समयभित्र सम्पर्क राख्न दूतावासले आग्रह गरेको छ ।




# ट्राफिक प्रहरीको इतिहास र विकास तस्बिरमा सार्वजनिक

**काठमाडौं–** नेपाल प्रहरीको विशिष्टीकृत एकाइका रूपमा रहेको ट्राफिक प्रहरीको सात दशक लामो इतिहास र विकासक्रमलाई तस्बिरमार्फत सार्वजनिक गरिएको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयद्वारा बिहीबार यहाँ आयोजित कार्यक्रममा प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले 'ट्राफिक पुलिस मिरर' सार्वजनिक गरे ।

उक्त पुस्तकमा नेपालमा सडक यातायात तथा ट्राफिक प्रहरीसँग सम्बन्धित ऐतिहासिक गतिविधिको संग्रह गरिएको छ । पुस्तकमा ट्राफिक प्रहरीको इतिहास, विकासक्रम, पोसाक परिवर्तन, घोडचढी प्रहरी, सडक सुरक्षा कार्यक्रमसँग हालसम्म गरिएका विविध गतिविधिलाई तस्बिरमा प्रस्तुत गरिएको छ ।

नेपालमा पहिलोपटक सवारीसाधन भित्रिएपछि वि.सं. २००७ मा रामदलमार्फत ट्राफिक व्यवस्थापन गरिएको इतिहास छ । औपचारिक रूपमा २००९ सालमा 'ट्राफिक पुलिस डिटचम्यान्ट'को नामबाट ट्राफिक प्रहरीको प्रारम्भ भएको थियो । पुस्तकले ट्राफिक प्रहरीको विकासक्रम, त्यसपछिका महत्त्वपूर्ण अभियान एवं गतिविधिलाई तथ्यपरक बनाउने, सडक व्यवस्थापनका मुख्य सरोकारवाला निकायको भूमिका, समन्वय र सहकार्यलाई थप सहयोग गर्ने विश्वास व्यक्त गरिएको छ ।

उक्त पुस्तक ट्राफिक प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठको नेतृत्वमा प्रहरी नायब उपरीक्षकहरू चन्द्रबहादुर थापा, रविन कार्की र सुनिलजंग शाह तथा प्रहरी निरीक्षक जितेश दाहाल र शेखरजंग मल्लले सम्पादन गरेका हुन् । ट्राफिक प्रहरीको संस्थागत अभिलेख प्रभावकारी नहुँदा महत्त्वपूर्ण इतिहास लोप हुने क्रममा रहेकाले सो पुस्तक प्रकाशन गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरी महानिरीक्षक कुँवरले नवीनतम् सोचबाट लक्षित क्रियाकलापले मात्रै व्यावसायिकता अभिवृद्धि गर्नुका साथै समग्र सुरक्षा व्यवस्थापनमा प्रभावकारिता आउने विश्वास व्यक्त गर्दै ट्राफिक प्रहरीका कामकारबाहीलाई अझ जनमुखी बनाउन अनुशिक्षण, अनुगमन, सुपरीवेक्षण र परिमार्जन गरी सुधार ल्याउन निर्देशन दिए ।

'कतिपय सदस्यको आचरण, व्यवहार र गैरव्यावसायिक क्रियाकलापका कारण सबै सार्थक प्रयास ओझेलमा परेका छन् । जोखिम र चुनौतीपूर्ण कामकारबाहीका बाबजुद समग्र संगठन जनगुनासोका घेरामा उभिनुपरेको छ,' महानिरीक्षक कुँवरले भने । उनले उपलब्ध स्रोत र साधनको अधिकतम् प्रयोगद्वारा सडक व्यवस्थापन तथा यात्रुको सुरक्षामा ट्राफिक प्रहरीले पुऱ्याएको सहयोगका लागि धन्यवाद ज्ञापन गरे ।

प्रहरी महानिरीक्षक कुँवरले ट्राफिक प्रहरीको इतिहास र विकासक्रमका साथसाथै सडक सुरक्षा एवं ट्राफिक व्यवस्थापनमा गरिएका प्रयासलाई समेटेर तयार पुस्तक प्रकाशन गर्नु प्रशंसनीय रहेको बताए । *रासस*

पृष्ठ १ बाट क्रमशः

## गृहमन्त्रीको पद...

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उपदफा ५ ले कसुरसँग सम्बन्धित व्यक्ति पक्राउ नपरेसम्म जानकारी सार्वजनिक गरिने छैन भनी व्यवस्था गरेको पाइन्छ । त्यसअनुसारको संवैधानिक एवं कानुनी व्यवस्थाले केही वैधानिक अपेक्षाहरू राखेको पाइन्छ । उपरोक्त संवैधानिक व्यवस्था, कानुनी प्रावधानहरूको वैधानिक अपेक्षाको बर्खिलाप हुने गरी सूचना माग गर्ने र दिने कार्य भए गरेको अवस्था देखिन आयो', सुवेदीले भनिन्, 'न्यायाधीश सुवेदीको आदेशमा भनिएको छ ।'

सहकारी ठगीको अनुसन्धानमा गृहमन्त्रीको भूमिकामा भने दुवै न्यायाधीशको राय बाझिएको हो । दुई न्यायाधीशबीच राय बाझिएपछि अब यो रिट तीन न्यायाधीशको इजलासले हेर्ने छ । न्यायाधीश मल्लले सहकारी ठगीको जाहेरी र अनुसन्धान निष्पक्ष ढंगले गर्न दिने आदेश गरेकी छन् भने न्यायाधीश सुवेदीले गृहमन्त्रीलाई मार्गप्रशस्त गर्न भनेकी छन्

'आफ्ना मातहतका अनुसन्धान गर्ने निकायलाई सहकारी ठगीमा जाहेरी, सूचना, प्रतिवेदनमा निर्धक्क, निष्पक्ष र स्वतन्त्र भएर अनुसन्धान गर्न दिनू, दिलाउनू भनी उपप्रधानमन्त्री तथा गृहमन्त्रीको नाममा परमादेश जारी गरिदिएको छु', न्यायाधीश मल्लको आदेशमा भनिएको छ ।

न्यायाधीश सुवेदीले भने मन्त्रीलाई निलम्बन गर्ने कुनै कानुनी व्यवस्था नभएकाले संवैधानिक नैतिकताका दृष्टिकोणबाट पनि गृहमन्त्रीले मार्गप्रशस्त गर्नु न्यायोचित हुने भनेकी छन् । 'सम्बन्धित मन्त्रालयका गृहमन्त्रीकै विरूद्ध निज पदमा बहाल रहेकै अवस्थामा फौजदारी कसुर सम्बन्धमा उजुरी जाहेरी दर्ता गर्ने वा अपराध अनुसन्धान तहकिकात गर्ने कार्य गर्न स्वार्थको द्वन्द्व र स्वच्छ सुनुवाइ सिद्धान्तको दृष्टिकोणबाट विचार गर्दा पीडितको न्यायमा अवरोध हुँदैन भन्न मिल्दैन', न्यायाधीश सुवेदीको भनाइ छ ।

न्यायाधीश सुवेदीको आदेशमा न्यायमा त्यस्तो अवरोध हुन नदिने नैतिक कर्तव्य र जिम्मेवारी सम्बन्धित मन्त्रीको समेत हुने बताए । त्यसविरुद्ध जाहेरी वा उजुरी दर्ता गर्ने प्रयोजनका लागि वा जाहेरी परी कसुर सम्बन्धमा अनुसन्धान तहकिकात हुँदै गर्दा नै पदबाट निलम्बन हुने वा निलम्बन गर्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था रहेको पाइँदैन ।

न्यायाधीश सुवेदीको आदेशमा थप भनिएको छ', 'निष्पक्ष अपराध अनुसन्धान तहकिकातको वृहत्तर मूल्यय मान्यता स्थापित गर्दै कसुरदारलाई कानुनको दायरामा याउने र पीडितलाई कानुनबमोजिम न्यायको प्रत्याभूतस दिने, दिलाउने कार्यमा संवेदनशील भई संविधान र कानुनका वैध अपेक्षाहरूको सम्मान गर्दै सार्वभौमसत्ता सम्पन्न आमनागरिक प्रतिको जिम्मेवारी र जबाफदेहिताप्रति प्रतिबद्धता व्यक्त गर्दै नैतिक कर्तव्य बोध गरी गृहमन्त्रीले मार्गप्रशस्त गर्न परमादेशको आदेश जारी हुने ठहर्छ ।


# पूर्वाधार विकास कार्यालय
भद्रपुर, झापा

## पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुंगे पुल जस्ता भौतिक संरचनाहरुको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले धेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।

**त्यसैले :**

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालना गरौं । सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरुको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं । सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरूवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा,
- गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं । सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं । सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो । दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार । आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनौं ।
- विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।



# इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
**कोशी प्रदेश, नेपाल**

## नगरपालिकाद्वारा नगरबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश

### स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना

**१) गर्मीयाममा अपनानुपर्ने कुराहरू**

क) सढेंगलेका बासी खानेकुराहरू नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।



**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू ।**

क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ / खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४ / ६ / ८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔ ।





**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**

क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नांगो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।



**(४) झाडापखलाबाट बच्न निम्न उपायहरू अपनाऔं ।**

क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
(ङ) आफ्नो घर, आँगन सफा राखौं ।





# INVITATION FOR BIDS

Date of publication: 2081/03/21 (July 5, 2024)

1. **Agricultural Development Bank Ltd.** invites electronic bids only from Nepalese eligible bidders for the following ***Construction Works*** under National Competitive Bidding procedures.

| S. N. | Contract Identification No. | Description of Works | Estimated Amount inclusive VAT and Insurance. (NRs.) | Bid Security Amount(NRs.) | Non-refundable Bid Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1. | ADBL/ CS/10/2080/081 | Construction of Civil, Electrical and Other Related Interior Decoration Works at **ADBL Branch *Mahendranagar, Kanchanpur.*** | 3,927,191.26 | 110,000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **ADBL, Fixed Assets & New Project Development Department, Ramshahpath, Kathmandu** or may visit PPMO website www.bolpatra.gov.np/egp. Eligible Bidders have only option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit non-refundable fee amount as mentioned in the above table for bidding document in the project's bank account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bids.

**Information of account in Bank:**
Name of the Bank: Agricultural Development Bank Ltd .
Branch: Corporate Banking, Ramshahpath
Account holder: ADBL HO LEKHA Deposit Ac
Account no.: ***0100200114555025***

3. Electronic bids must be submitted to the office **ADBL, Fixed Assets & New Project Development Department, Ramshahpath, Kathmandu** through PPMO website www.bolpatra.gov.np/egp on or before **12.00 Hrs. on August 4, *2024 (2081/04/20).*** Bids received after this deadline will be rejected.

4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14.00 Hrs. on August 4, *2024(2081/04/20)*** at the office of **ADBL, Fixed Assets & New Project Development Department, Ramshahpath, Kathmandu.** Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as mentioned in the above table from Commercial Bank or Financial Institution except Agricultural Development Bank Ltd. (If the bidder wishes to submit the Cash Security, the cash should be deposited in the above mentioned account), which shall be valid for 30 days beyond the validity period of the bid **(i.e. 120 Days).**

5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

6. The Purchaser reserves the right to amend or correct and accept or reject, wholly or partly, any or all the bids without assigning any reasons, whatsoever.

**Agricultural Development Bank Ltd.**
**Fixed Assets & New Project Development Department**
**Head Office, Kathmandu.**
**Phone No.01-5721106**

## राष्ट्रिय जनगणनाको प्रक्रियागत संस्मरण पुस्तकमा

**काठमाडौं (प्रस)**– राष्ट्रिय तथ्यांक कार्यालयले राष्ट्रिय जनगणना २०७८ को प्रक्रियागत संस्मरण पुस्तक सार्वजनिक गरेको छ । जनगणनाको पूर्वतयारीदेखि सम्पन्न हुँदासम्मको सम्पूर्ण प्रक्रियाको अभिलेखीकरण, कामको विस्तृतीकरण, जनशक्ति आकलन, जनगणनाको लागत र व्यवस्थापन, सार्वजनिक खरिद, जोखिम व्यवस्थापन, जनसहभागितालगायतका विषयहरू समेटेर पुस्तक तयार पारिएको कार्यालयले जनाएको छ । जनगणना सञ्चालन गर्दा प्रारम्भदेखि अन्त्यसम्म हासिल गरिएका अनुभव र सिकाइले भावी जनगणनाका लागि ऐतिहासिक आधार र नीति निर्माता एवं निर्णयकर्ताका लागि पथप्रदर्शन हुने भएकाले यो ऐतिहासिक दस्तावेजका रूपमा रहेको राष्ट्रिय तथ्यांक कार्यालयका प्रमुख तथ्यांक अधिकारी अर्जुनप्रसाद पोखरेलले बताए ।

'जनगणनाका क्रममा असल अभ्यास पछ्याउने र कमी कमजोरी हटाउँदै जानका लागि यो महत्त्वपूर्ण दस्तावेज हो । हाम्रो संस्थागत संस्मरण (इन्स्टिच्युसनल मेमोरी) कमजोर भएको अवस्थामा भावी दिनमा काम गर्न सहयोग हुने अपेक्षा छ,' पोखरेलले भने, 'मुलुकको समग्र विकास र सेवा प्रवाहका लागी जनसांख्यिक तथ्यांकले ठूलो योगदान गर्छ । नीति निर्माताका लागि तथ्यांक सबैभन्दा पहिलो र महत्त्वपूर्ण आधार हो ।'

नेपालको जनगणनासम्बन्धी संस्थागत सिकाइ र अध्ययन अनुसन्धानका लागि पनि यो पुस्तक उत्कृष्ट दस्तावेज रहेको उनको भनाइ छ । जनगणनाका लागि प्रश्नावली निर्माण, तालिम सञ्चालन, स्थलगत तथ्यांक संकलन, समय र लागतआदिको प्रभावकारिता मूल्यांकन गर्न र भविष्यमा सञ्चालन गरिने जनगणनाका लागि आधार दस्तावेजको रूपमा रहने अपेक्षा कार्यालयले गरेको छ । त्यस्तै, जनगणनाको पैरवी र प्रचारप्रसारसम्बन्धी रणनीति, समन्वय संयन्त्र, विकास साझेदारहरूको संलग्नता, नतिजाको सार्वजनीकरण लगायतबारे यस पुस्तकले जानकारी दिने छ । पुस्तक सार्वजनिक कार्यक्रममा युवा तथा खेलकुद मन्त्रालयका सचिव सुमनराज अर्यालले नेपालको जनगणना २०७८ ले केही महत्त्वपूर्ण मानक स्थापित गरेको बताए ।

### मोटरसाइकल हराएको सूचना

मिति २०८१/०२/३२ गते जिल्ला, भक्तपुर म.थि.न.पा. ०४, नयाँठिमी अस्पताल अगाडी पार्किङ गरिराखेको अवस्थामा साँझको ५:३० बजेको समयमा कालो र रातो रङ्को, **KTM Duke 250** मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**धनीको नाम :** रेशम साह
**बाइक नं.:** बा .प्र.०२-०४५ प २५३६
**च्यासिस नं.:** MD2JPEXA2NC052094
**इन्जिन नं. :** N-937*08546*
**ठेगाना:** भक्तपुर
**सम्पर्क:** ९८४१४८१७६८


### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ७३ असार २० गते २०८१ मा प्रकाशित **Al-hera Overseas Pvt. Ltd.** को Lot No. **306601** को **Saudi Drums Factory Company** कम्पनीको विज्ञापनमा **अन्तरवार्ता मिति: असार २६, २०८१ (10 July, 2024)** हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको जानकारी गराइन्छ ।

**AL-HERA OVERSEAS PVT. LTD.**
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, Fax :+977-1-4460601
E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ७३ असार २० गते २०८१ मा प्रकाशित **Overseas Employment (P.) Ltd.** को Lot No. **307058** को **Samak Al Arabia General Contracting Est.** कम्पनीको विज्ञापनमा **अन्तरवार्ता मिति: 14 July, 2024** हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको जानकारी गराइन्छ ।

**Overseas Employment (P.) Ltd.**
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069
E-mail: overseas4employment@gmail.com


# 'सरकारी अस्पतालबाटै योग तथा प्राकृतिक चिकित्सा सेवा आवश्यक'

**काठमाडौं (प्रस)**– सरोकारवालाले सरकारी अस्पतालबाटै योग तथा प्राकृतिक चिकित्सा सेवा उपलब्ध गराउनुपर्नेमा जोड दिएका छन् । बिहीबार राष्ट्रिय प्राकृतिक चिकित्सा दिवसका अवसरमा यहाँ आयोजित कार्यक्रममा सरकारी स्वास्थ्य संस्थामा योग तथा प्राकृतिक चिकित्सा सेवा अहिलेसम्म उपलब्ध नभएकाप्रति सरकारको ध्यानाकर्षण गराइएको हो ।

सरकारले २०५९ असार २० गते प्राकृतिक चिकित्सालाई स्वास्थ्य सेवाको विधाअन्तर्गत राखी मान्यता प्रदान गरेको थियो । सोही दिनको सम्झनामा २०७४ साल असोज २३ गतेको निर्णयअनुसार असार २० गते राष्ट्रिय प्राकृतिक चिकित्सा दिवस मनाउन लागिएको हो । तर स्वास्थ्य सेवाका विधाअन्तर्गत मान्यता पाएको २२ वर्ष पुग्दा पनि सरकारी अस्पताल र स्वास्थ्य संस्थामा प्राकृतिक चिकित्सा सेवा उपलब्ध हुन सकेको छैन ।

प्राकृतिक चिकित्सा अभियन्ता ड.ा हरिप्रसाद पोखरेलले प्राकृतिक चिकित्साको प्रयोगबाट रैथाने कला संस्कृति र विधि विज्ञानलाई पुनरुत्थान गरिनुपर्नेमा जोड दिए । उनले तत्काल दरबन्दी नभए पनि करार सेवाबाट जनशक्ति नियुक्ति गरेर सेवा दिनुपर्नेतर्फ उल्लेख गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ध्यानाकर्षण गराए ।

'स्थायी पदपूर्ति नहुञ्जलेसम्म आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको स्वीकृत दरबन्दीमा नबढ्ने गरी हरेक चिकित्सा विधाका जनशक्तिलाई करार सेवामा नियुक्त गर्नुपर्छ,' उनले भने । प्राकृतिक चिकित्सामा एमडी गरेका १० जना र बिएनवाइएस ७३ जना चिकित्सक छन् । तर दरबन्दी नहुँदा अधिकांश चिकित्सक विदेश पलायन भइरहेको योग तथा प्राकृतिक चिकित्सक डा. प्रतीक्षा पाण्डेयले बताइन् । उनले बिरामी भएपछि मात्र होइन बिरामी हुन नदिने जीवनपद्धति अपनाउन सिकाउने चिकित्सा पद्धतिमार्फत स्वास्थ्य पर्यटन विकास गर्न सकिने सुझावसमेत प्रस्तुत गरिन् ।

योग तथा प्राकृतिक चिकित्साका चिकित्सक तथा स्वास्थ्यकर्मीलाई नेपाल आयुर्वेद चिकित्सा परिषद्अन्तर्गत उपसमिति बनाइ दर्ता गरिँदै आएकोप्रति उनीहरूले असन्तुष्टि जनाए । प्राकृतिक चिकित्साकाअनुसार प्रकृति र मानव अन्तरसम्बन्धद्वारा स्वास्थ्य रक्षा र रोगीको उपचार गर्ने कला, संस्कृति एवं विधिविज्ञान नै प्राकृतिक चिकित्सा हो ।

दिवसका अवसरमा प्रतिनिधिसभाअन्तर्गतको संसदीय समिति शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले प्राकृतिक चिकित्साका क्षेत्रमा थप अनुसन्धानका लागि प्रोत्साहन गरे । मन्त्रालयका अतिरिक्त सचिव डा. टंक बराकोटीले नसर्ने रोगको जोखिमलाई यस चिकित्सा पद्धतिबाट न्यूनीकरण गर्न सकिने बताए । त्यसका लागि मन्त्रालयले आवश्यक पहलकदमी लिन तयार रहेको उनको भनाइ थियो ।

वरिष्ठ कन्सल्टेन्ट आयुर्वेद विज्ञ डा. मनुकर्ण थापाले यस चिकित्सा विधिलाई पुनःजागरणका लागि ठोस पहल आवश्यक भएको बताए ।

नेपाल सरकारको अहिलेसम्म योग तथा प्राकृतिक चिकित्साको कुनै पनि सेवा नभए पनि निजी, गैरसरकारी र सामुदायिक क्षेत्रबाट चिकित्सालय सञ्चालनमा छन् । हाल चार वटा सामुदायिक प्राकृतिक चिकित्सालय, २६ वटा निजी योग तथा प्राकृतिक चिकित्सालय र दुई वटा योग तथा प्राकृतिक चिकित्सा क्लिनिक सञ्चालनमा छन् ।

## नेपाल रेडक्रस सोसाइटी
### जाजरकोट जिल्ला शाखा
### शिलबन्दि दरभाउ पत्र आह्वान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशन मिति :- २०८१/०३/२१**

नेपाल रेडक्रस सोसाइटी जाजरकोट जिल्ला शाखा अन्तर्गत संचालित कर्णाली भुकम्प पुर्नलाभ कार्यक्रम जाजरकोट अन्तर्गत खानेपानी योजना निर्मण सामाग्री खरिद गर्न सिलवन्दी बोलपत्र आहवान गरिएकोले इच्छुक ईजाजत पत्र प्राप्त सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वक सिलवन्दी बोलपत्र पेश गर्न यो वोलपत्र आह्वान गरिएको छ ।

१) आवधिक नवीकरण गरेको ईजाजतपत्रको प्रतिलिपि, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि, कम्तिमा आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, प्रतिलिपि सँगै निवेदन सहित नेरेसो जाजरकोट जिल्ला शाखाको राष्ट्रिय वाणिज्य बैंक जाजरकोटमा रहेको च.हि.नं.४५९०१००००६८८००१ मा रु.२,०००।–(दुई हजार मात्र) जम्मा गरेको भौचर वा नगद दस्तुर शाखामा तिरेको रसिद (पछि फिर्ता नहुने गरी) पेश गरेपछि बोलपत्र सम्वन्धि कागजात उपलब्ध गराईनेछ ।

२) उक्त बोलपत्र खरिदको लागी बोलपत्रमा उल्लेखित कारोबार गर्ने इजाजत प्राप्त सप्लायर्सहरुले निवेदन सँगै माथि उल्लेखित कागजात पेश गरेपछि मात्र बोलपत्र खरिद गर्न तथा पेश गर्न पाउनेछ ।

३) एक सप्लायर्सको नाममा खरिद गरिएको बोलपत्र अर्को सप्लायर्सको नाममा दर्ता गर्न पाईने छैन् ।

४) खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु स्पष्ट रुपमा भरि बोलपत्रदाताले प्रत्येक पानामा, कामको विवरण, प्रोपाइरटरको नाम ठेगाना फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दि (लाहाछाप लगाई) खामको बाहिर सप्लायर्सको नाम र ठेगाना खुलाई आपूर्तिकर्ता तथा सप्लायर्सले सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौं) दिनको कार्यालय समय भित्र यस कार्यालयमा पेश गरिसक्नु पर्नेछ । सिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट पेश गर्न सकिनेछ ।

५) पेश भएका सिलबन्दी बोलपत्रहरु बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र दर्ता मिति समाप्त भएको भोलीपल्ट (सूचना जारी भएको १६ औं दिन) दिनको ११:०० बजे यस कार्यालयमा खोलिने छ यदि सार्बजनिक बिदा वा अन्य कारणले सोहि दिन शिलबन्दि बोलपत्र नखोलिएमा अर्को दिन खोलिनेछ । शिलबन्दी बोलपत्र खोल्दा बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६) सिलबन्दी बोलपत्रका साथमा कबोल गरेको रकमको २.५ प्रतिशतका दरले हुन आउने रकम अर्नेष्ट मनी वापत शाखाको नाममा राष्ट्रिय वाणिज्य बैंक जाजरकोटमा रहेको च.हि.नं ४५९०१००००६८८००१ मा जम्मा गरेको बैंक भौचर अथवा कम्तिमा ९० दिन मान्य अवधि भएको बैंक जमानत पत्र अनिवार्य रुपमा समावेश भएको हुनु पर्ने पर्नेछ ।

७) कुनै शर्त राखिएको, म्याद नाघि आएको वा रित नपुगेको सिलवन्दी दरभाउ पत्र उपर कुनै कारवाही गरिने छैन ।

८) सिलवन्दी बोलपत्र फारम स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार नेपाल रेडक्रस सोसाइटी जाजरकोट जिल्ला शाखामा सुरक्षित रहनेछ ।

११) सामाग्रीहरु नेपाल रेडक्रस सोसाइटी जाजरकोट जिल्ला शाखामा उपलब्ध गराउनुपर्नेछ ।

१२) दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परे अक्षर उल्लेख गरिएकोलाई मान्यता दिइनेछ ।

१३) यस कार्यालयबाट सप्लायर्सलाई भुक्तानी गरिने रकम बाटै निमानुसारको अग्रिम कर कट्टी गरी रकम भुक्तानी गरिनेछ ।

१४) यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु नेपाल रेडक्रस सोसाइटीको खरिद नियमावली अनुसार हुनेछ ।

**विस्तृत जानकारीको लागि :– नेपाल रेडक्रस सोसाइटी जाजरकोट जिल्ला शाखा, फोन नं. ०८९–४३००४२ मा सम्पर्क गर्नुहोला ।**


## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : Ali bin Hashem Al Hussein Operation and Maintenance Company**
पूर्व स्वीकृति मिति २०७९/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२० | LT. No. 296293 | चलानी नं. ६०२११२५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 17 | 0 | 1000 | ३५६०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Office and Facility Cleaning Worker | 31 | 0 | 1000 | ३५६०५ | | | | | | | |

**कम्पनी : Ali bin Hashem Al Hussein Operation and Maintenance Company**
पूर्व स्वीकृति मिति २०७९/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२० | LT. No. 296294 | चलानी नं. ६०२११२५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 48 | 0 | 1000 | ३५६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ३० गते (14th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५२४/०७४/७५
**Avion Human Resource Management Pvt. Ltd.**
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal. , Tel No.: +977 1 4599632, 9801000591, 9801000593, 9843685128, Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : VANILLA LADIES BEAUTY SALON COMPANY.**
पूर्व स्वीकृति मिति २०८०/०२/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०३/२० | LT. No. 287308 | चलानी नं. ६०२०२६४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser/nail Technician/manicure/pedivure/salo | 0 | 2 | 140 | ६०,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २८ गते (12th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075
**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com


## सूची दर्ता गर्ने सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/०३/२१**

यस संस्थालाई आ.ब. २०८१/८२ का लागि आवश्यक पर्ने तपसिलमा उल्लेखित सामाग्री तथा सेवाहरु आपूर्ति/प्रवाह गर्ने प्रयोजन लागि सम्बन्धित बिषयको कारोबार गर्न स्वीकृती प्राप्त इच्छुक व्यक्ति/फर्म/कम्पनीहरूले विस्तृत विवरण खुलाई आफुले आपूर्ति/प्रवाह गर्ने सामान एवं सेवाहरूको विवरण भरि व्यक्ति/फर्म/कम्पनीको विस्तृत आवेदन पत्र सहित सूचिकरणको लागि मिति २०८१/०३/३१ गते कार्यालय समय भित्र यस संस्थाको गोदावरी नगर पालिका वडा नं. १२ ठेचो स्थित केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरू (जनकपुर, भैरहवा, कृष्णनगर, कोईलाबास, नेपालगन्ज, गुलरिया, धनगढी, महेन्द्रनगर) मा दर्ता गराउनुहुनका लागि यो सूचना प्रकाशित गरिएको ब्याहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

| | |
|---|---|
| A | **Computer, Office Equipment and Other Electrical Appliances** |
| A-1 | Desktop, laptop, CPU, Monitor, Printer, Laser Printer Scanner |
| A-2 | Fire Extinguisher, Camera, Television (TV),CCTV Camera, Solar System, UPS, System, Telephone Set |
| A-3 | Air Conditioner, Refrigerator, Fan ( Ceiling & Table), Stabilizer |
| B | **Vehicle and Spare Part** |
| B-1 | Vehicle ( 2 Wheeler and 4 Wheeler) |
| B-2 | Vehicle Spare Parts ( 2 Wheeler and 4 Wheeler) |
| C | **Furniture & Fixtures** |
| C-1 | Supply of Wooden Furniture items Table, Chair, Work Stations, Filing Cabinet, Sofa, Bed |
| C-2 | Bedding , Bed Sheet, Curtain, Pillow |
| C-3 | Supply of Metal Furniture items Table, Chair, Filing Cabinet, Aluminum Partitions |
| D | **Human Resources Supplies and Training / Consulting** |
| D-1 | Legal Advisor |
| D-2 | HR Consulting and Training Services Providers, |
| E | **Printing & Stationery Items** |
| E-1 | Stationery and Office Documents Printing |
| E-2 | Printing of Staff ID Cards, Visiting Card and Card Holder |
| E-3 | Printing of Promotional Item & Advertisement Material |
| E-4 | Printing of Flex, Hoarding Board, Metal Itching With Frame |
| E-5 | Tonner Refill, Cartridge, Ribbon |
| E-6 | Other Required Stationeries |
| F | **Repairs & Maintenance Services** |
| F-1 | Desktop & Laptop Hardware & Software, UPS Battery, Printer, Scanner, Air Conditioner |
| F-2 | Repair & Maintenance of Furniture ( Wooden & Metal) |
| F-3 | Vehicle ( 2 Wheeler and 4 Wheeler) |
| G | **Air Ticketing & Vehicle Rental Services** |
| G-1 | Air ticketing ( Domestic & International) |
| G-2 | 4 Wheeler Vehicle Rental Service ( National) |
| H | **Office Staff Dress & Clothing** |
| H-1 | Staff Dress ( Ladies & Gents) |
| H-2 | T-Shirts & Jackets |
| I | **Other Services** |
| I-1 | Kitchen Utensils ( Appliances) |
| I-2 | Kitchen Fooding Items |

**आवेदन साथ समावेश गर्नुपर्ने कागजातहरू:**

१ रजिष्टर्ड व्यक्ति/फर्म/कम्पनी/संस्थाको दर्ता प्रमाण पत्र (नवीकरण सहित) प्रतिलिपी
२ आ.ब. २०७९/८० को कर चुक्ता प्रमाण पत्र प्रतिलिपी
३ स्थायी लेखा नम्बर/मुल्य अभिवृद्धि आयकर प्रमाण पत्र प्रतिलिपी

**अन्य थप जानकारीहरू:**

१ सूचिकृत व्यक्ति/फर्म/कम्पनीले सन्तोषजनक तथा समयमा सेवा तथा सामाग्री आपूर्ति नगरेको खण्डमा संस्थाले बिना सूचना सूचीबाट हटाउन सक्ने छ । यस उपर कुनै दाबी बिरोध गर्न पाइने छैन ।
२ सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहने छ ।
३ Vendor Listing Application Form को लागि **(bit.ly/3XM9PpO)** यस लिंकमा गई पाउन सकिनेछ र उक्त फर्म भरि **prcnepal1994@gmail.com** मा पठाउन सकिनेछ ।
४ अन्य थप जानकारीको लागि मोबाइल नं. ९८४७६९६०३९ मा सम्पर्क गर्न सक्नु हुन्छ ।

**केन्द्रीय कार्यालय:**
**शान्ति पुनर्स्थापना गृह**
केन्द्रीय कार्यालय, गोदावरी-१२, ठेचो, ललितपुर

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# एआईतर्फको यात्रा, आजको आवश्यकता

अहिले हरेक क्षेत्रमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को प्रयोग बढ्दो छ । एआईको प्रयोगले विभिन्न कार्यमा सहजता ल्याउनुका साथै छिटो पनि बनाएको छ । विभिन्न कठिन कार्यहरू पनि एआईको माध्यमबाट सहजरूपमा चाँडो फत्ते गर्न सम्भव भएको छ । त्यसैले एआईको विकास र प्रयोगमा विश्व नै अगाडि बढिरहेको अवस्था छ ।

यहीबीच नेपाल सरकारले पहिलोपटक एआईको प्रयोग तथा अभ्याससम्बन्धी अवधारणापत्र तयार गरेको छ । विश्वव्यापीरूपमा एआईको विकास र प्रयोग बढ्दै गए पनि नेपालमा कुनै नीति र कानुन नभएकाले यससम्बन्धी आवश्यक नीति र कानुन निर्माणको आधार तय गर्न सरकारले अवधारणापत्र तयार गरेको हो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गठन गरेको प्राविधिक समितिले झण्डै पाँच महिना लामो अध्ययनपछि अवधारणापत्र तयार गरेको हो ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माको निर्देशानुसार मन्त्रालयले सहसचिव अनिलकुमार दत्तको संयोजकत्वमा पाँच सदस्यीय प्राविधिक समिति गठन गरेको थियो । गत माघ ५ गते गठित समितिले अवधारणापत्रसम्बन्धी प्रतिवेदन तयार पारेर मन्त्रालयमा पेस गरेको छ । प्रतिवेदनले एआईको विकास, प्रयोग र नियमनका लागि सरकारले आवश्यक नीति, कानुन र कार्यविधि बनाउनुपर्ने सुझाव दिएको छ ।

साइबर सुरक्षा, डेटा सुरक्षण र गोपनीयताका विषयलाई नीतिगत तहमा सम्बोधन गर्नुपर्ने आवश्यकता औंल्याउँदै प्रतिवेदनले एआईसम्बन्धी राष्ट्रिय नीतिको तर्जुमा, राष्ट्रिय रणनीतिको निर्माण, कानुनी आधारसहित डेटा सुरक्षण रूपरेखा, एआईको प्रयोग र प्रयोगकर्ताको गोपनीयता तथा सुरक्षण समेटिएका नीति र कानुनको अन्तर्राष्ट्रिय मापदण्डसँग अनुकूलन हुनेगरी मानक निर्धारण गर्नुपर्ने सुझाव दिएको छ । प्रतिवेदनले एकीकृत राष्ट्रिय पोर्टलको विकास गरी एआईसम्बन्धी सूचना आदानप्रदान गर्न एकीकृत संरचनाको निर्माण गर्नुपर्ने, यस विषयमा अनुसन्धान, विकास र उपयोगलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने, एआईको प्रयोगमा गति प्रदान गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने, यसको रूपान्तरणकारी प्रकृतिलाई आर्थिक सामाजिक विकासमा उपभोग गर्न राष्ट्रिय परियोजना एवं क्षेत्रगत पहलको विकास गर्नुपर्ने सुझाव दिएको छ ।

एआईसम्बन्धी रणनीतिले डेटा र डिजिटल पूर्वाधार, एआई 'स्टार्टअप'लाई गति दिन आर्थिक तथा वित्तीय व्यवस्था, अनुसन्धान र विकास, नैतिकता, डेटा गोपनीयता, सुरक्षा र नियमन, जनशक्तिलाई सीप र क्षमता वृद्धि, प्रविधिको औद्योगिकीकरण तथा क्षेत्रगत पहल समेट्नुपर्ने प्रतिवेदनको सुझाव छ । एआईसम्बन्धी आवश्यक नीति र कानुन निर्माणको आधार तय गर्न सरकारले अवधारणापत्र तयार गर्ने कार्य स्वागतयोग्य छ । विश्वव्यापीरूपमा बढिरहेको एआईको प्रयोगतर्फ मुलुक अघि बढ्नुको विकल्प छैन । सँगै, एआईको प्रयोगबाट आउने चुनौतीहरूको सामना के कसरी गर्ने भन्ने नीतिको पनि तयारी आवश्यक छ । अवधारणापत्रमा आएका सुझावहरूलाई अझ गहन छलफल र अधययन गरी कार्यान्वयनमा लगियोस् ।

## मनन्योग्य

### विदुर नीति

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर (हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ) त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए । त्यहाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहुन्छ ।ऋषि, महर्षि, देवता सबै प्रकारका व्यक्ति सभासदमा छन् । पाप पुण्यबारेको रेकर्ड हिसाबकिताब बहिखाता राख्ने चित्रगुप्त रहन्छन् । काल, दिशा, आकाश, वायु, अग्नि, सूर्य आदि धेरैले उनका दूतहरूको काम गर्दछन् र विस्तृत खबर चित्रगुप्तकहाँ रेकर्ड गर्न पठाउने काम पनि बेलाबेलामा यिनीहरूले नै गर्ने गर्दछन् ।

धर्मराजको सभाभवनमा दक्षिण, पश्चिम, उत्तर, पूर्व दिशामा चारवटा प्रवेशद्वार हुन्छन् । यी ढोकाहरूमध्ये तीनवटाबाट पुण्यात्मा र दक्षिणबाट पापीहरूलाई प्रवेश गराइन्छ । दक्षिणतर्फबाट प्रवेश गर्ने पापीहरूलाई धेरै कष्ट हुने गर्दछ। वैतरणीजस्तो साह्रै फोहर र घिनलाग्दो खोला तर्नुपर्छ । साथै कुम्भीपाक, रौरव आदि नरक पनि दक्षिण दिशामा नै रहेका छन् । यस ढोकाबाट आउनेले यमराजलाई ज्यादै कठोर र भयङ्कर रूपको देख्दछ । वास्तवमा यमराज ज्यादै नै सौम्य आकृति भएका र शालीन व्यक्तित्वका धनी छन् ।

धर्मराज ईश्वरकै एउटा स्वरूप हुन्, तर भगवत् धर्मलाई बुझ्ने १२ जना महात्माका प्रमुख रूपमा उनलाई मानिएको छ । उनी भगवान्का ठूला भक्त र ईश्वरको रहस्यलाई बुझ्ने एक उच्चस्तरका ज्ञानी पुरुष हुन् । उनले आफ्नो कार्य सम्पादनको सिलसिलामा खटाइने आफ्ना अनगिन्ती दूत र तिनका सहायकहरूलाई भगवत् धर्मको रहस्य बताउने गरेका छन् र कस्तो जीवलाई कुन बाटोबाट ल्याउने गर्नुपर्दछ, कोसँग कस्तो वार्ता गर्नुपर्दछ भन्नेबारे बेलाबखतमा सम्झाइरहने पनि गर्दथे । आफू पनि मन, वचन र कर्मले भगवानुको भक्त थिए अनि आफ्ना काममा सहयोगी दूतहरूलाई पनि यस्तै किसिमका शिक्षाहरू दिने गर्दथे। धर्मराजले दूतलाई सम्झाउँदै भनेका थिए-

क्रमशः

# पर्यटकीय 'हब' ककनीको चिनारी



■ पदम श्रेष्ठ

> शिवपुरी राष्ट्रिय निकुञ्ज हाइकिङ, ट्रेकिङपछि विश्राम गर्ने र रातको बास बस्ने आरामस्थल पनि मानिन्छ, ककनी । ककनीको स्वच्छ हरियाली वातावरणको संरक्षण निकुञ्जका सेना, सशस्त्र प्रहरी र स्थानीय बासिन्दाकै समन्वयकारी सम्बन्धबाट सम्भव भएको हो तर शान्ति सेनामा जाने सैनिक तालिम केन्द्रद्वारा सञ्चालित तालिम, गतिविधिबाट विदेशी पर्यटकहरु तर्सिने गरिरहेका छन् । सैनिक तालिम केन्द्र शिवपुरी राष्ट्रिय निकुञ्जभित्रै व्यवस्थापन गर्ने र बालाजु बाइपासदेखि त्रिशूली जाने मार्ग पिच गरिदिए ककनी पर्यटकीय हबले व्यापकता लिने देखिन्छ ।

छ्यासाला, गाङ्ला, कारकानी थुङसोङ, याम्बेला ने-सोम थोङसोङ, अर्थात् दर्शनीय डाँडाको कारकानी (प्रवेशद्वार)बाट काठमाडौंको सिङ्गुन (स्वयम्भू), खास्योर (बौद्ध) को दर्शन ।

यसरी ककनीबारे स्थानीय आदिवासी तामाङ भाषामा लोकगीतहरू गाइन्छन् । जहाँ नेपाल एकीकरणअघि ककनीमा रूम्बा थरका तामाङ राजाले राज्य गर्थे । अझै पनि ककनीमा दरबारको भग्नावशेष अवलोकन गर्न सकिन्छ । नेवार बस्तीलाई घेरिएको पर्खाल र प्रवेशद्वारजस्तै तामाङ बस्ती स्याफ्रुबेसी, बोराङ, बोमताङमा देश प्रवेश गर्ने ढोका अर्थात् कारकानी पाइन्छ । त्यही कारकानी नै कालान्तरमा ककनी हुन गएको हो । वर्तमानमा ककनी तामाङ राज्य प्रवेशको ढोकामात्र नभई पिकनिक तथा हनिमुनस्थल त छँदै छ, हिमाल चढ्न जानुभन्दा अगाडि तालिम लिने कृत्रिम पहाड रक क्लाइम्बिङ, नेपाली सेनाको तालिम केन्द्र, स्काउट तालिम केन्द्र पनि छ यहाँ ।

घुम्न जानेहरूका लागि गोनेशा गुम्बा, फुङ्फुङे झरना र शिवपुरी हाइकिङ आकर्षक स्थलहरू हुन् । ट्राउट माछा, स्ट्रबेरी, किबी र मुला उत्पादनको हब ककनीलाई अमेरिकी स्वयंसेवी संस्था पिसकोरले नगरकोटलाई 'सन्राइज प्लेस' भनिएझैं ककनीलाई 'सन् सेट प्लेस' नामाकरण गरेका थिए भनिन्छ । सधैं आकाश झुम्म भई सितको भुवा झरिरहने भएको कारणले पनि ककनीलाई कसैकसैले 'हनिमुन प्लेस' भन्ने गरेको पाइन्छ । आकाशबाट बढीसित वर्षा भई सधैं शितल भइरहने यहाँको वातावरणको कारण पिसकोर स्वयंसेवकहरूले सनसेट प्लेस नामाकरण गरेका हुन् भन्ने गरेको स्थानीयको कथन छ ।

## ककनीमा के-के हेर्ने र समस्या के-के छन् ?

शिवपुरी राष्ट्रिय निकुञ्ज हाइकिङ, ट्रेकिङपछि विश्राम गर्ने र रातको बास बस्ने आरामस्थल पनि मानिन्छ, ककनी । ट्रेकिङ गाइड तथा नेपालमण्डल पर्यटन नगरी अभियन्ता विमला राउत क्षेत्री भन्छिन्, 'ककनीको स्वच्छ हरियाली वातावरणको संरक्षण निकुञ्जका सेना, सशस्त्र प्रहरी र स्थानीय बासिन्दाकै समन्वयकारी सम्बन्धबाट सम्भव भएको हो तर शान्ति सेनामा जाने सैनिक तालिम केन्द्रद्वारा सञ्चालित तालिम, गतिविधिबाट विदेशी पर्यटकहरू तर्सिने गरिरहेका छन् ।' ट्रेकिङ गाइड क्षेत्री भन्छिन्, 'सैनिक तालिम केन्द्र शिवपुरी राष्ट्रिय निकुञ्जभित्रै व्यवस्थापन गर्ने र बालाजु बाइपासदेखि त्रिशूली जाने मार्ग पिच गरिदिए ककनी पर्यटकीय हबले व्यापकता लिने थियो ।'

रुम्बा राजाको दरबारको भग्नावेश, फुङ्फुङे झरना, वसन्ती रानीको दरबार, रक क्लाइम्बिङ, स्काउट तालिम केन्द्र हेर्न र सहभागी हुन ककनीमा आउने गर्दछन् पर्यटक । तारागाउँसहित सानोदेखि थ्री स्टारसम्मका ६० भन्दा बढी होटल, होम-स्टे छन् ककनीमा । अर्गानिक खेतीसहितको रिसोर्ट आवश्यकताको महसुस भएको बताउने अभियन्ता क्षेत्री भन्छिन्, 'सरकारले वर्षौंदेखि नबनाएको बाटो र सैनिक तालिम केन्द्रको व्यवस्थापन हुन सके पर्यटकीय गतिविधिमा व्यापकता आउने थियो । नेपाल भ्रमणमा आउने पर्यटकहरूलाई एयरपोर्टबाट झर्नासाथ सीधै स्वच्छ चिसो वतावरणमय ककनीमा बास बसाउन सके देशलाई विदेशी पर्यटकले हेर्ने दृष्टिकोणमा नै छुट्टै प्रभाव पार्न सकिन्थ्यो । यसका लागि ककनी हाइटमा हेल्थ क्याम्प, तामाङ समुदायको संस्कृति झल्किने गुम्बा प्रवर्द्धन, योग, ध्यान, व्यायामका शिविरसहितका रिसोर्टहरूको व्यवस्थापन गर्न सकिन्छ ।'

सो अभियानलाई मूर्तरूप दिन स्थानीयसँगको सहकार्यमा अभियान सञ्चालन गर्न १३ रोपनी जग्गाभित्र अर्गानिक तरकारी, जडीबुटी खेती र स्कुले विद्यार्थीहरूको शैक्षिक भ्रमण गराउनेसम्म सोच अगाडि बढाइएको उनको भनाइ छ । स्ट्राउट माछापालन र स्ट्रबेरीको प्रवर्द्धन, खसी, बोका, कुखुरापालन गरी पर्यटकका लागि पस्किन पनि सकिने अर्को अभियन्ता सोममाया लामा बताउँछिन् ।

## आफ्नैलाई धोका दिनेलाई विश्वास नगर्न सन्देश

पद-प्रतिष्ठा र मान पाउने आशमा आफ्नै बाबु राजा र देशलाई समेत धोका दिनेलाई कहिल्यै विश्वास नगर्नू । यस्तालाई मुला काटेझैं काटिदिनू भनेर राजा पृथ्वीनारायण शाहले दिव्योपदेश दिएका थिए, ककनी हत्याकाण्डमा । आख्यान्विद बासु पासाः आफ्नो पुस्तक भक्तपुरमा लेख्छन्- ने.सं. ८८८ मा नेपाल एकीकरणको खुसियालीमा वनभोज गरियो, ककनीमा । सोही पिकनिक भोजमा भक्तपुरका राजा मितबाबु रणजित मल्ललाई धोका दिने आठ राजकुमार र पदको आशमा आफ्नै राजाविरूद्ध चम्चागिरी गर्ने चार प्रधानहरूको हत्या गरिएको थियो । आख्यान यसरी अगाडि बढ्छ- भक्तपुरका राजा रणजित मल्लका दुई रानी मनमैंजु र जयलक्ष्मी थिए, ल्याइतेका तर्फबाट देवेन्द्र सिंह, मनोरथ, धन सिंह, उपेन्द्र सिंह, अच्युत, अवदुत, लक्ष्मी नरसिंह र जयनारायण थिए । ती आठ दाजुभाइले राज्यसत्ता आफ्नोमा पार्न ब्याइतेतर्फका राजकुमार वीरनारायण सिंह मल्ललाई मार्न गोर्खाका राजा नरभुपाल शाहका छोरा राजकुमार पृथ्वीनारायण शाहसँग मित लगाउन लगाएका थिए भने मित राजकुमारलाई बाटोबाट पन्छाएमा ल्याइते राजकुमारलाई राज्यसत्ता पाइन्छ भन्दै पृथ्वीनारायण शाहका गुप्तचर रामकृष्ण खनालमार्फत षडचन्त्रमूलक प्रस्ताव राख्छन् । आफैं राजा हुने लोभमा परी यी ल्याइतेतर्फका राजकुमारहरूले पाप कर्ममा साथ दिएका थिए । राजा हुने पालोवाला राजकुमार वीरनारायणलाई बाटोबाट हटाउन सल्लाह गरी भक्तपुरको चुपिघाटमा पौडी खेल्न लगेर पहिलेदेखि नै नदी बीचमा लुकाइराखेको चुपी धसेर हत्या गरिदिएको आख्यान्विद बासु पासाले आफ्नो पुस्तक भक्तपुरमा उल्लेख गरेका छन् ।

यसरी राजकुमार वीरनारायणको विभत्स हत्यापछि राजा रणजित मल्ल वीक्षिप्त बने भने भाइ फुटे गवाँर लुटेको चंगुलमा फसेका ल्याइतेतर्फका दाजुभाइ आपसमा लड्न जुध्न लागेपछि गोर्खाका राजा पृथ्वीनाराण शाहले विनायुद्ध मितबाउलाई कब्जामा लिई अन्य राजकुमारहरूलाई ककनी पिकनिकमा षडचन्त्रपूर्वक हत्या गरे भनिएको छ । सोही पिकनिकमा पृथ्वीनाराण शाहले सत्ताका लागि आफ्नै पिता र राष्ट्रलाई धोका दिने कसैका लागि काम लाग्दैन भन्दै ककनीमा गद्दार राजकुमार र चार प्रधानको हत्या गराएको बताइन्छ ।

यसप्रकार ऐतिहासिक हत्याकाण्डबाट रंगिएको ककनी त्यतिखेर पनि भोज पिकनिकका लागि प्रख्यात रहेको प्रमाणित हुन्छ, जुन ठाउँ बालाजुबाट २० किलोमिटर उत्तर-पश्चिममा पर्छ । नुवाकोट कविला ताम्सालिङ राज्यको प्रवेश ढोकालाई तामाङ भाषामा कारकानी भनिन्छ । हाल पनि झनै विशाल सभ्यतासहितको ककनी पिकनिकस्थल तथा हनिमुनस्थलको रूपमा विकसित हुदै आइरहेको छ । त्यसैले तामाङ भाषामा गीत यस्तो गाइन्छ ककनीका बारेमा ।

## वसन्ती रानीको दरबार

ककनी पिकनिकस्थलतर्फ लाग्दा ककनी हाइटमा तारागाउँ होटलकै नजिक रहेको छ वसन्ती दरबार । वसन्ती दरबार मल्लकालीन राजाको पालामा रुम्बा तामाङ रानीलाई वसन्त ऋतुमा बस्न बनाएको दरबार भनिएता पनि सोही ठाउँमा तर अलि सानो घर आकार आउनेगरी राणाकालमा यो दरबारलाई अस्तित्वमा ल्याएको विश्वास गरिन्छ ।

## थाई मेमोरियल पार्क

ककनी हाइट अर्थात् होम-स्टे तथा होटल क्षेत्रमा एउटा विशाल चौर बगैंचासहितको थाई मेमोरियल पार्क रहेको छ । सन् १९९२ असार १६ गते थाई एयरलाइन्सको विमान दुर्घटना हुँदा ११३ जना यात्रु तथा चालक दलका सबै जनाको मृत्यु भएको थियो । सोही दुर्घटनामा मृत्युभएकाहरूको स्मृतिमा नेपाली, अंग्रेजी, थाईलगायत चार भाषामा मृतकहरूको नाम लेखेर शिलापत्र राखिएको छ । जुन स्थान नजिकै भव्य भ्युटावर ठडिएको छ । बादल हटेको बेला यहाँबाट हिमालको सुन्दर दृश्य देख्न पाइन्छ ।

## गोनेशा डाँडा रुम्बा राजाको दरबार

ककनीबारे ऐतिहासिक दस्तावेज जानकारीमा राख्न चाहने वा नुवाकोटको रुम्बा दरबार अवलोकन गरी तामाङ पहिचान थाहा पाउन चाहनेहरूका लागि गोनेशा डाँडामा अवस्थित यो दरबारको भग्नावशेष पुग्नैपर्ने हुन्छ । समुद्र सतहबाट १८२८ मिटरको उचाइमा रहेको रुम्बा राजा देउसिंह बरुको दरबार जंगलबीचमा अवस्थित छ । डाँडामाथि ढुंगे भर्‍याङ पार गर्दै उक्लिँदा पुरातात्त्विक प्राचीन इँटाहरू देखिने भग्नावशेष, लामा गुरु शाङके बरु (राजाको पुजारी) को ध्यान कोठा, कुल देवतालगायत देख्न सकिन्छ ।

## फुङ्फुङे झरना

ककनी पुग्दा हेर्न छुटाउनै नहुने ठाउँ हो, फुङ्फुङे झरना । ककनी मुख्यबजार बसपार्कबाट तीन किलोमिटरको मार्ग पार गरेपछि पुगिन्छ फुङ्फुङे झरना । डाँडाको टुप्पोबाट १५० मिटरको तीन खण्ड बनाएर झरेको झरना जमिनमुनि झर्दा हेर्नेलाई कम्ता अल्हादित बनाउँदैन । काठमाडौंबाट गर्मीको बेला यही झरना हेर्नका लागि मात्र भनेर पनि पुग्ने गरेका पाइन्छन्, युवा युवतीहरू । झरना क्षेत्रको व्यवस्थापन गरी आन्तरिक बाह्य पर्यटकलाई बस्ने रमाउने ठाउँहरूको प्रबन्ध गर्न सके सुनमाथि सुगन्ध हुने निश्चित छ ।

भनिन्छ, आदिमकालमा स्थानीय तामाङ समुदायहरूले भोज भत्तेर गर्नु पर्दा खाना पकाउने खड्कुलो आदि यही झरनामा गई माग्न जाने गरिन्थ्यो रे । एक जनाले भोज सकिएपछि भाँडा सफा नगरी फर्काएपछि जलदेवता रिसाएर भाँडा दिन छोडेको भन्ने कथन छ । ककनी क्षेत्रमा लामो समय पानी नपरेर धानसमेत रोप्न नपाइने स्थिति आउँदा यही झरनामा पुगी पुजाआजा गरेमा पानी पर्छ भन्ने जनविश्वास पाइन्छ ।

## शिवपुरी हाइकिङका आकर्षका स्थलहरू

तारकेश्वर महादेवस्थान र सूर्यचौर हुँदै शिवपुरी ककनी हाइकिङ जाने गरेको पाइन्छ । करिब पाँचदेखि सात घण्टाको यात्रामा पुगिने ककनी शिवपुरी हाइकिङ, ट्रेकिङ र साइक्लिङ गरेर पनि ककनी पुग्न सकिन्छ ।

## तारकेश्वर महादेव, न्यागमणि (पाँचमाने)

पाँचवटा बुद्ध चैत्यलाई पाँचमाने भनियो । तामाङ आदिभूमि ककनी मार्गको सम्पदास्थललाई नेपाल भाषामा न्यागमणि अर्थात् पाँच चैत्यस्थलको नाउँबाट प्रख्यात बनाएको छ । भनिन्छ, पाँचवटा चैत्यको भग्नावशेषलाई काठमाडौंका बुद्धिष्ट नेवारहरूद्वारा पुनर्निर्मित ठाउँलाई जितपुरफेदीबाट चिनिन्छ । जितपुर भनिनुको अर्थ आख्यानुसार, तिव्बत र चीनबाट नेपाल उपत्यकामाथि आक्रमण हुँदा स्थानीय तामाङ समुदायले नेपाललाई नभई तिव्बती वा चिनियाँकै साथ दिन्थे रे । त्यसका बाबजुद् पनि नेपाली सेनाले नै जितेको खुसियालीमा ठाउँलाई जितपुर भनियो ।

काठमाडौंबासी नेवार बौद्ध धर्मावलम्बीहरूले पाँचमाने पुनर्निर्माण गर्दा चारवटा मात्र बन्न सकेको छ भने एउटा चैत्यचाहिँ पहिरोले लगेको कारण चार चैत्यमात्र पुनर्निर्माण हुन सकेको हो । जहाँबाट आधा घण्टा माथि प्रसिद्ध तारकेश्वर महादेव र गुफाले प्रख्यात छ । समग्रमा भन्नुपर्दा पाँचमाने तारकेश्वरलाई स्वयम्भू र पशुपतिनाथको संयुक्त आस्था केन्द्र मानिन्छ । त्यसैले आकारमा बुद्ध र निराकारमा शिवलाई एकसाथ मान्दै तारकेश्वर महादेवकै नाउँबाट तारकेश्वर नगरपालिकासमेत घोषणा गरिएको छ । हुन त तारकेश्वर महादेवस्थानको अस्तित्व अर्थात् तारकेश्वर नगरपालिका बालाजु बाइपासस्थित पुरानो गुह्वेश्वरीसम्म जोडिएको छ तर ककनीको पहिचान पाँचमाने नेपाल भाषामा न्यागमणिसम्म मात्र जोडिएकाले तारकेश्र महादेवस्थानसम्मलाई समेट्दा ककनीको सभ्यता उजागर गर्न सहज हुने देखिन्छ ।

## पत्र-मञ्जुषा

# ओली फेरि प्रधानमन्त्री, फेरि संसद् विघटनको आशंका

२०७७ पुस ५ गते र ०७८ जेठ ८ गते तत्कालीन प्रधानमन्त्री एमालेका अध्यक्ष केपी शर्मा ओलीले दुईपटक संसद् विघटन गरे । तर, सर्वोच्च अदालतले संसद् विघटन दुवै चोटी उल्टाइदिएको थियो । अहिले पनि सार्वजनिक कार्यक्रममा ओली भन्छन्, 'मैले गरेको संसद् विघटन ठीक थियो ।'

उनको भनाइअनुसार अदालतले संसद् विघटन उल्टाउनु हुन्न थियो । ओलीलाई अझै पनि आफूले गरेको सो कार्यको पश्चाताप छैन । उनले गत निर्वाचनको मत परिमाणपछिसमेत कसैको बहुमत नआएकोले मध्यावधिमा जानुपर्ने बताएका थिए । ०८० फागुन २१ गतेअघिसम्म नेपाली कांग्रेस पनि सरकारमा सामेल थियो । ०७९ मंसिर ४ गतेको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन माओवादी र कांग्रेसले गठबन्धन गरेर गरेको थियो ।

गत फागुनमा उक्त गठबन्धन फुटेपछि ओलीले सार्वजनिक कार्यक्रममै भने, 'माओवादी र कांग्रेसको गठबन्धन मैलें फुटाएको हो ।' र, एमाले माओवादीसहितको सरकार गठन भयो । ०७९ सालको निर्वाचनमा जनताले कांग्रेसलाई पहिलो पार्टी बनाए । माओवादीले ३२ सिट जित्यो ।

निर्वाचनपछि सरकार गठन प्रक्रियामा कांग्रेसले आफूलाई प्रधानमन्त्री दिने नदेखिएपछि पुष्पकमल दाहाल कांग्रेससँगको गठबन्धन तोडेर ओलीसँग गठबन्धन गर्न बालकोट पुगे । दाहालले पहिलोपटक विश्वासको मत लिँदा उनलाई कांग्रेसले समेत दियो । २७५ जना सांसदमध्ये २६८ जना सांसदले उनलाई विश्वासको मत दिएका थिए । त्यसपछि आक्रोशित एमाले केही समयपछि सरकारबाट बाहिरियो । अनि सुरु भयो कांग्रेस-माओवादी गठबन्धन फुटाउने एमालेको रणनीति । सोहीअनुरूप गत फागुन कांग्रेस-माओवादीको निकै लामो समयदेखिको गठबन्धन तोड्न एमाले सफल भयो । गठबन्धन तोडिएपछि कांग्रेस विपक्षमा रह्यो ।

०८० फागुन २८ गतेदेखि ०८१ जेठ १५ गतेसम्म कांग्रेसले सहकारी ठगीको छानबिन गर्न संसदीय समिति गठन गर्नुपर्ने माग गर्दै सदन अवरोध गर्‍यो । संसदीय छानबिन समिति गठन गर्नुहुन्न भनेर ओलीले भने । प्रधानमन्त्री दाहालले पटक-पटक समिति गठन गर्न खोजेपछि ओलीले दिएनन् । यता, गृहमन्त्री रवि लामिछानेले नक्सालस्थित बालमन्दिरको जग्गा हिनामिना प्रकरणमा पक्राउ पुर्जी जारी भएका २१ जनालाई समात्न खोजे । तर, त्यो पनि ओलीले गर्न दिएनन् । उनले भ्रष्टाचारका पुराना फाइलसमेत खोल्न दिएनन् । गृहमन्त्री लामिछानेलाई ओलीले अलमलाएर राखे । यद्यपि, यो कुरा लामिछानेले बुझेनन् । अहिले आएर ओलीले रवि र दाहाललाई सुताएर कांग्रेससँग सहमति गरेका छन् ।

आमसर्वसाधारण भन्छन्, 'ओली फेरि प्रधानमन्त्री बने, उनले फेरि संसद् विघटन गर्छन् ।' ०७४ सालको निर्वाचनमा एमाले राष्ट्रिय पार्टी बनेको थियो । जनताले पाँच वर्ष सरकार चलाउन भनेर बहुमत दिएका थिए । तर, ओली प्रधानमन्त्री हुँदा कहिले बालुवाटारमा बासुरी बजाएर बस्ने त कहिले जनताले तिरेको करमा तीजको भोज लगाउने ।

यता, पार्टीदेखि मन्त्रिपरिषद्को बैठकसमेत बालुवाटारमा राख्थे उनी । यतिसम्म कि आफ्नो जन्मदिनमासमेत देशको नक्सालाई केक बनाएर काटेर खाए । हिजो आफ्नो बहुमतको सरकार त विघटन गरेका उनले अब प्रधानमन्त्री बनेमा फेरि संसद् विघटन नगर्नेमा कुनै आशंका छैन ।

अहिले कांग्रेसले बाध्यताले एमालेसँग गठबन्धन गरेको हो । तर, अहिले पनि केही बिग्रिएको छैन । दाहालले कांग्रेसलाई प्रधानमन्त्री दिएर पुनः सरकार गठनको योजना बनाउनुपर्छ । राजनीति भन्नेबित्तिकै फोहोरी खेल र झूठा कुरामात्र गर्नुहुन्न । कतिपय अवस्थामा इमान्दार पनि हुनुपर्छ ।

**- रूषा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# आशा लघुवित्त वित्तीय संस्था लि.
# Asha Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

केन्द्रीय कार्यालयः बनेपा-१३, काभ्रेपलाञ्चोक, सम्पर्क नं.: ०११-६६००७३, इमेल ठेगानाः ashamicrofinance@gmail.com/info@ashamicrofinance.com.np

## कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८१/०३/२१ (प्रभाव राष्ट्रिय दैनिक)

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित शाखा कार्यालयहरूबाट धितो तथा सामूहिक जमानीमा आधारित कर्जा कारोबार गरी वित्तीय संस्थाको नियमानुसार मासिक रूपमा साँवा ब्याज बुझाँउनु पर्नेमा बिगत लामो समय देखि कर्जाको किस्ता (साँवा ब्याज) तिर्न आलटाल गरेको, पटक पटक लिखित तथा मौखिक रूपमा तरताकेता गर्दा समेत कर्जा तिर्न तर्फ कुनै चासो नदिएको, नेपाल राष्ट्र बैंकको नियमानुसार शंकास्पद/खराब वर्गमा कर्जाको वर्गीकरण भएको, केही ऋणीको हकमा अन्तिम भुक्तानी मिति समेत समाप्त भईसकेको तथा कर्जा लिँदाको बखतमा यस वित्तीय संस्थासंग गरेको लिखत तमसुकको शर्तबन्देजको उल्लंघन गरेको हुँदा तपसिलमा उल्लेखित तपाई ऋणी तथा एकल/ धनजमानीकर्ताहरु लाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरी आफ्नो तिर्नु बुझाँउनु पर्ने सम्पूर्ण (साँवा, ब्याज र हर्जाना ब्याज) रकम तिर्नु बुझाँउनु हुन जानकारी गराईन्छ । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन-२०७९ र वित्तीय संस्थाको कर्जा असुली नीति-२०८० बमोजिम थप असुली प्रकृया अवलम्बन गर्नुका साथै यसै सूचनालाई आधारमानी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३ बमोजिम सामूहिक जमानीमा आधारित कर्जाको हकमा जग्गा जमिन रोक्का राख्नुका साथै धितोमा आधारित कर्जाको हकमा नियमानुसार धितो लिलामी गरी असुलउपर गरिने तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन-२०७९ को निर्देशन नं. ११(२) बमोजिम तपाई ऋणी तथा एकल/धनजमानीकर्ताहरु लाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रमा लेखि पठाईने भएकोले यसबाट तपाई ऋणी तथा एकल/धनजमानीकर्ताहरु लाई पर्न जाने असुविधा प्रति वित्तीय संस्था जवाफदेही नहुने र असुली प्रकृया अवलम्बन गर्दा लागेको सम्पूर्ण खर्च रकम समेत सम्बन्धित ऋणीबाट नै असुल उपर गरिने व्यहोरा जानकारी गर्दछौं ।

## तपसिल

### ऋणी तथा एकल/धनजमानीकर्ताहरूको नाम, थर, ठेगाना, नागरिकता प्रमाणपत्र नं. तथा धितोमा रहेको जग्गाको विवरण

### शाखा कार्यालयः स्युचाटार, काठमाडौं

१. ऋणीको नामः सिर्जना शाही, पिता/पतिको नामः विशाल शाही, बाजे/ससुराको नामः हरिभक्त शाही, स्थायी ठेगानाः का.म.न.पा-२९, काठमाडौ, ना.प्र.नं.: २७१०६०/२६०६, कर्जाको शीर्षकः साधारण, एकलजमानी कर्ताको नामः मोनिका शाही, पिता/पतिको नामः बिनि ब. शाही, बाजे/ससुराको नामः विरेन्द कुमार शाही, स्थायी ठेगानाः का.न.पा-७, काठमाडौ, ना.प्र.नं.: ३४८५

२. ऋणीको नामः विन्दा वराम, पिता/पतिको नामः प्रेम प्रसाद वराम, बाजे/ससुराको नामः मनराज वराम, स्थायी ठेगानाः ताकुकोट-८, गोरखा, ना.प्र. नं.: ४४१०४५/१५४, कर्जाको शीर्षकः आकस्मिक

३. ऋणीको नामः गोमा न्यौपाने, पिता/पतिको नामः प्रेममणी न्यौपाने, बाजे/ससुराको नामः छविलाल न्यौपाने, स्थायी ठेगानाः सहरे-१, दोलखा, ना.प्र.नं.: २२२२१०५२-९६, कर्जा शीर्षकः साधारण, एकलजमानीको नामः युनिक मोक्तान, पिता/पतिको नामः कल्याण मोक्तान, बाजे/ससुराको नामः अवे सिंङ मोक्तान, स्थायी ठेगानाः खाँडादेवी-६, रामेछाप, ना.प्र.नं.: २१-०१-७६-०५८६४

४. ऋणीको नामः सुनिता राज कर्णिकार, पिता/पतिको नामः राम दास राज कर्णिकार, बाजे/ससुराको नामः तुल्सी दास राज कर्णिकार, स्थायी ठेगानाः काठमाडौं-१९, काठमाडौं, ना.प्र.नं.: ५१७१

५. ऋणीको नामः गुण लक्ष्मी महर्जन श्रेष्ठ, पिता/पतिको नामः मधु सुदन श्रेष्ठ, बाजे/ससुराको नामः नारायण भक्त श्रेष्ठ, स्थायी ठेगानाः काठमाण्डौं-११, काठमाडौ, ना.प्र.नं.: ५९५१/१५२७८, कर्जा शीर्षकः साधारण, एकलजमानीको नामः गायत्री रंजितकार, पिता/पतिको नामः हरिबलाम रंजितकार, बाजे/ससुराको नामः हरिमान रंजितकार, स्थायी ठेगानाः काठमाडौ-२१, काठमाडौं, ना.प्र.नं.: ३८९

६. ऋणीको नामः दिना (डाँगी) महरा, पिता/पतिको नामः चक्र बहादुर महरा, बाजे/ससुराको नामः पतीराम महरा, स्थायी ठेगानाः गजुल-७, रोल्पा, ना.प्र.नं.: ५४१०२२/५०२ , कर्जा शीर्षकः साधारण, एकलजमानीको नामः सांग्रीला लामा महरा, पिता/पतिको नामः अशोक कुमार महरा, स्थायी ठेगानाः सुनिल स्मृती-५, रोल्पा, ना.प्र.नं.: ५४-०१-७५-०३४३४

७. ऋणीको नामः स्वस्ती मुक्तान, पिता/पतिको नामः सन्त प्रसाद गौचन, बाजे/ससुराको नामः बिष्णु प्रसाद गौचन पुन, स्थायी ठेगानाः भारदेउ-३, ललितपुर, ना.प्र.नं.: ४९४२२, कर्जा शीर्षकः साधारण

८. ऋणीको नामः सुश्री सकुन्तला पराजुली, पिता/पतिको नामः गोपाल कुमार खराल, बाजे/ससुराको नामः गुणाखर खराल, स्थायी ठेगानाः धरान-१३, सुनसरी, ना.प्र.नं.: ०६१७५१, कर्जा शीर्षकः साधारण

९. ऋणीको नामः काली दमिनी, पिता/पतिको नामः राजेन्द्र परियार दमाई, बाजे/ससुराको नामः हरि नेपाली, स्थायी ठेगानाः थुम्पाखर-१, सिन्धुपाल्चोक, ना.प्र.नं.: ३४७/७६८६५, कर्जा शीर्षकः आकस्मिक, एकलजमानीको नामः गोकुल बागदास, पिता/पतिको नामः वच्चुराम दर्जी, बाजे/ससुराको नामः कृष्ण बहादुर दर्जी, स्थायी ठेगानाः पदमपोखरी-५, मकवानपुर, ना.प्र.नं.: १७६९४

१०. ऋणीको नामः दिलमाया रंजित, पिता/पतिको नामः गोपी कृष्ण रंजितकार, बाजे/ससुराको नामः ईन्द्र रंजितकार, स्थायी ठेगानाः बनेपा-६, काभ्रेपलाञ्चोक, ना.प्र.नं.: ३०-०१-७०-११६३६

११. ऋणीको नामः सुश्री नम्रता खत्री, पिता/पतिको नामः सुमन बिक्रम शाही ठकुरी, बाजे/ससुराको नामः विश्वनाथ प्रसाद शाही, स्थायी ठेगानाः काठमाडौं-७, काठमाडौं, ना.प्र.नं.: ३६२९, कर्जा शीर्षकः साधारण

१२. ऋणीको नामः राधिका भुजेल, पिता/पतिको नामः दिलिपकुमार भुजेल(शिवभक्ती), बाजे/ससुराको नामः अम्बरबहादुर शिवभक्ती, स्थायी ठेगानाः भुम्लुटार-८, काभ्रेपलान्चोक, ना.प्र.नं.: १५३१३८, कर्जा शीर्षकः आकस्मिक

१३. ऋणीको नामः निर्मला शाक्य (थामी), पिता/पतिको नामः नारायण शाक्य, बाजे/ससुराको नामः खगेन्द्र शाक्य, स्थायी ठेगानाः धरान-८, सुनसरी, ना.प्र.नं.: ०६-०२-७२-०३११२

१४. ऋणीको नामः लक्ष्मी महर्जन, पिता/पतिको नामः तिर्थलाल महर्जन, बाजे/ससुराको नामः जित बहादुर महर्जन, स्थायी ठेगानाः कानपा-३२, काठमाडौ, ना.प्र.नं.: १७१५०, कर्जा शीर्षकः साधारण
एकलजमानीको नामः तिर्थ लाल महर्जन, पिता/पतिको नामः जित बहादुर महर्जन, बाजे/ससुराको नामः माईला महर्जन, स्थायी ठेगानाः काठमाडौं-३२, काठमाडौ, ना.प्र.नं.: ३२०२

१५. ऋणीको नामः राज्य बज्रचार्य, पिता/पतिको नामः बिक्रम राज बज्रचार्य , बाजे/ससुराको नामः लक्ष्मी राज बज्रचार्य, स्थायी ठेगानाः ललितपुर-१८, ललितपुर, ना.प्र.नं.: २८-०१-०६४-०३१५०, कर्जा शीर्षकः साधारण

१६. ऋणीको नामः सुश्री उत्तरा खत्री, पिता/पतिको नामः प्रकाश राज शर्मा, बाजे/ससुराको नामः ढुंडिराज शर्मा, स्थायी ठेगानाः काठमाडौ-७, काठमाडौ, ना.प्र.नं.: ३६२३, कर्जा शीर्षकः साधारण

१७. ऋणीको नामः सानुमैया बुढाथोकी (तामाङ), पिता/पतिको नामः पान बहादुर तामाङ, बाजे/ससुराको नामः विर बहादुर तामाङ, स्थायी ठेगानाः छत्रे देउराली-९, धादिङ, ना.प्र.नं.: २६३०४९-७०/४६८, कर्जा शीर्षकः साधारण एकलजमानीको नामः अन्जु बुढाथोकी, पिता/पतिको नामः राम कुमार बुढाथोकी, स्थायी ठेगानाः भिमढुंगा-३, काठमाडौ, ना.प्र.नं.: १०३९/७०१५०

### शाखा कार्यालयः मनमैजु, काठमाडौं

१८. ऋणीको नामः प्रमिला खड्गी, पिता/पतिको नामः अमिर लामा मोक्तान, बाजे/ससुराको नामः सुर्यलाल मुक्तान, स्थायी ठेगानाः काठमाडौं-३०, काठमाण्डौ, ना.प्र.नं.: ३९८६ कर्जा शीर्षकः साधारण
एकलजमानीको नामः अमिर लामा मोक्तान, पिताः सुर्यलाल मुक्तान, बाजेको नामः कुवेर लामा, स्थायी ठेगानाः निजगढ-९, बारा, ना.प्र.नं.: ११५२१/१९८/०१९८

१९. ऋणीको नामः रोजीना परीयार, पिता/पतिको नामः गोपाल परियार, बाजे/ससुराको नामः ठग बहादुर दमै, स्थायी ठेगानाः धावा-२, गोरखा, ना.प्र.नं.: ४४-०१-७२-०९५५९, कर्जा शीर्षकः आकस्मिक

२०. ऋणीको नामः आबरुना खातुन, पिता/पतिको नामः महम्मद समसोदिन मिया, बाजे/ससुराकोः सलिम मिया, स्थायी ठेगानाः देउरवाना-२, पर्सा, ना.प्र.नं.: ३४-०१-६९-०३२१६, कर्जा शीर्षकः आकस्मिक

२१. ऋणीको नामः प्रतिक्षा धमला, पिता/पतिको नामः भुपाल धमला, बाजे/ससुराको नामः गोविन्द धमला, स्थायी ठेगानाः इचंगुनारायण-६, काठमाण्डौं, ना.प्र.नं.: ०२७३०३६-१७१, कर्जाको शीर्षकः अनुशासन कर्जा
१. एकलजमानीको नामः भुपाल धमला, पिताको नामः गोविन्द धमला, बाजेको नामः हेम बहादुर धमला, स्थायी ठेगानाः इचंगुनारायण-६, काठमाडौ, ना.प्र.नं.: १३०३३
२. एकलजमानीको नामः करुणा धमला, पिता/पतिको नामः गोपाल धमाला, बाजे/ससुराको नामः गोविन्द धमला, स्थायी ठेगानाः इचंगुनारायण-६, काठमाण्डौं, ना.प्र.नं.: ०२७३०३६-१७२

२२. ऋणीको नामः उर्मिला पाठक, पिता/पतिको नामः संदिप दाहाल, बाजे/ससुराको नामः बाबु राम दाहाल, स्थायी ठेगानाः थानसिङ-७, नुवाकोट, ना.प्र.नं.: ८९००२, कर्जा शीर्षकः आकस्मिक, एकलजमानीको नामः बाबु राम दाहाल, पिता/पतिः माया नाथ दाहाल, बाजे/ससुराको नामः हरि दत्त दाहाल, स्थायी ठेगानाः विराटनगर-११, मोरङ, ना.प्र.नं.: ६३८५

२३. ऋणीको नामः उषा चौधरी, पिता/पतिको नामः पदुमराज चौधरी, बाजे/ससुराको नामः ओम नाथ चौधरी, स्थायी ठेगानाः सरावल-८, नवलपरासी, ना.प्र.नं.: ७८८४६, कर्जा शीर्षकः आकस्मिक, एकलजमानीको नामः पदुमराज चौधरी, पिता/पतिको नामः ओम नाथ चौधरी, बाजे/ससुराको नामः जितयी चौधरी, स्थायी ठेगानाः सरावल-८, नवलपरासी, ना.प्र.नं.: ३९७७४

२४. ऋणीको नामः अंशु कुमारी आर्य, पिता/पतिको नामः विशाल कुमार गुप्ता, बाजे/ससुराको नामः सुरेन्द्र कुमार गुप्ता, स्थायी ठेगानाः महुवन-३, पर्सा, ना.प्र.नं.: ३४-०१-७०-०४३१८, कर्जा शीर्षकः साधारण/आकस्मिक, एकलजमानीको नामः विशाल कुमार गुप्ता, पिताको नामः सुरेन्द्र कुमार गुप्ता, बाजेको नामः सत्य नारायण प्रसाद गुप्ता, स्थायी ठेगानाः विरगंज-३, पर्सा, ना.प्र.नं.: ३४३०२२-३/५७७

२५. ऋणीको नामः निलम मानन्धर, पिता/पतिको नामः निरज कुमार मानन्धर, बाजे/ससुराको नामः सम नाथ प्रसाद मानन्धर, स्थायी ठेगानाः वीरगंज-४, पर्सा, ना.प्र.नं.: २६४८, कर्जा शीर्षकः आकस्मिक, एकलजमानीको नामः निरज कुमार मानन्धर, पिता/पतिको नामः सम नाथ प्रसाद मानन्धर, बाजेको नामः मुक्तीनाथ मानन्धर, स्थायी ठेगानाः वीरगंज-४, पर्सा, ना.प्र.नं.: १६०३१८९८२

२६. ऋणीको नामः आशादेवि श्रेष्ठ, पिता/पतिको नामः होम प्रसाद श्रेष्ठ, बाजे/ससुराको नामः जुन नारायण, स्थायी ठेगानाः भानुमती-७, तनहुँ , ना.प्र.नं.: ९४६३७, कर्जा शीर्षकः आकस्मिक एकलजमानीको नामः होम प्रसाद श्रेष्ठ, पिता/पतिको नामः जुन नारायण, बाजे/ससुराको नामः जय बहादुर श्रेष्ठ, स्थायी ठेगानाः भानुमती-७, तनहुँ, ना.प्र.नं.: १९६

२७. ऋणीको नामः दुर्गा देवि रिजाल, पिता/पतिको नामः तुलसी राम खतिवडा, बाजे/ससुराको नामः रूप नारायण खतिवडा, स्थायी ठेगानाः पथरिया-८, झापा, ना.प्र.नं.: ७०७९२४८७, कर्जा शीर्षकः साधारण, एकलजमानीको नामः तुलसी राम खतिवडा, पिता/पतिको नामः रूप नारायण खतिवडा, बाजेको नामः कुवेर खतिवडा, स्थायी ठेगानाः गोङ्गबु-४, काठमाण्डौं, ना.प्र.नं.: २७१०२७/४५०५८

२८. ऋणीको नामः गीता नकर्मी, पिता/पतिको नामः कृष्ण नकर्मी, बाजे/ससुराको नामः नन्दलाल नकर्मी, स्थायी ठेगानाः धर्मस्थली-१, काठमाण्डौं, ना.प्र.नं.: ११८८, कर्जा शीर्षकः आकस्मिक, एकलजमानीको नामः कृष्ण नकर्मी, पिता/पतिको नामः नन्दलाल नकर्मी, बाजेको नामः शिव लाल नकर्मी, स्थायी ठेगानाः धर्मस्थली-१, काठमाण्डौ, ना.प्र.नं.: ४८६१

२९. ऋणीको नामः मिना श्रेष्ठ, पिता/पतिको नामः राकेश श्रेष्ठ, बाजे/ससुराको नामः राधा मान श्रेष्ठ, स्थायी ठेगानाः काठमाण्डौं-३०, काठमाण्डौं, ना.प्र.नं.: २१५९, कर्जा शीर्षकः साधारण /आकस्मिक, एकलजमानीको नामः रितिका श्रेष्ठ, पिता/पतिको नामः राकेश श्रेष्ठ, बाजे/ससुराको नामः राधा मान श्रेष्ठ, स्थायी ठेगानाः काठमाण्डौ-२७, काठमाण्डौ, ना.प्र.नं.: २७-०१-७४-१३४९३

३०. ऋणीको नामः मोहन देवी शाही, पिता/पतिको नामः जिवन कुमार खड्गी, बाजे/ससुराको नामः बुद्धिरत्न खड्गी, स्थायी ठेगानाः काठमाण्डौ-३, काठमाण्डौ, ना.प्र.नं.: १०६०/८९१९४, कर्जा शीर्षकः साधारण/आकस्मिक, एकलजमानीको नामः उदय बहादुर थापा, पिता/पतिको नामः ललित बहादुर थापा, बाजे/ससुराको नामः जय बहादुर थापा, स्थायी ठेगानाः नयाँ बेल्हानी-७, नवलपरासी, ना.प्र.नं.: ३६२०३३/१००१८

३१. ऋणीको नामः पवित्रा शाही, पिता/पतिको नामः विकेश कुमार शाही, बाजे/ससुराको नामः जीवन कुमार खड्गी, स्थायी ठेगानाः का.म.पा.-३, काठमाडौं, ना.प्र.नं.: २७१०६०/९३७५६, कर्जा शीर्षकः आकस्मिक, एकलजमानीको नामः विकेश कुमार शाही, पिता/पतिको नामः जीवन कुमार खड्गी, बाजे/ससुराको नामः बुद्धिरत्न खड्गी, स्थायी ठेगानाः का.म.पा.-३, काठमाण्डौ, ना.प्र.नं.: २७१०६०/२३२०

३२. **ऋणीको नामः** उमा श्रेष्ठ, **पिता/पतिको नामः** गोबिन्द बहादुर श्रेष्ठ, **बाजे/ससुराको नामः** गोपीलाल श्रेष्ठ, **स्थायी ठेगानाः** सलकपुर-४, मोरङ, ना.प्र.नं.: ११६०, **कर्जा शीर्षकः** साधारण **एकलजमानीको नामः** शुशिला कार्की, **पिता/पतिको नामः** थमन बहादुर कार्की, **बाजे/ससुराको नामः** ददिलाल कार्की, **स्थायी ठेगानाः** लालमटीया-३, दाङ, ना.प्र.नं.: ५२३००७/१४७६

३३. ऋणीको नामः बुद्ध मायां लिम्बु, पिता/पतिको नामः तक्नु नोईङ थाम्सुहाङ, बाजे/ससुराको नामः अर्जुन कुमार थाम्सुहाङ, स्थायी ठेगानाः राजघाट-८, मोरङ, ना.प्र.नं.: ४२१८/२९६८, कर्जा शीर्षकः साधारण, एकलजमानीको नामः तक्नु नोईङ थाम्सुहाङ, पिता/पतिको नामः अर्जुन कुमार थाम्सुहाङ, बाजे/ससुराको नामः दिल्ली मान थाम्सुहाङ, स्थायी ठेगानाः याङनाम-२, पाँचथर, ना.प्र.नं.: ७०२/५२४

३४. ऋणीको नामः सुचना मुडवरी, पिता/पतिको नामः राम प्रसाद ढुँगाना, बाजे/ससुराको नामः छविलाल ढुँगाना, स्थायी ठेगानाः शक्तिखोर-९, चितवन, ना.प्र.नं.: ३५१०१४/७४५, कर्जा शीर्षकः साधारण एकलजमानीको नामः राम प्रसाद ढुंगाना, पिता/पतिको नामः छविलाल ढुँगाना, बाजेको नामः लल प्रसाद ढुँगाना, स्थायी ठेगानाः ककनी-३, नुवाकोट, ना.प्र.नं.: २५१०४३/६१

३५. ऋणीको नामः निरु श्रेष्ठ, पिता/पतिको नामः राजेश श्रेष्ठ, बाजे/ससुराको नामः गोबिन्द ब. श्रेष्ठ, स्थायी ठेगानाः सुन्दरहरैचा-१२, मोरङ, ना.प्र.नं.: ०५-०१-७५-०५७२१
कर्जा शीर्षकः साधारण एकलजमानीको नामः राजेश श्रेष्ठ, पिता/पतिको नामः गोबिन्द ब. श्रेष्ठ, बाजे/ससुराको नामः गोपिलाल श्रेष्ठ, स्थायी ठेगानाः ईन्द्रपुर-४, मोरङ, ना.प्र.नं.: ५६४१९

### शाखा कार्यालयः गोठाटार, काठमाण्डौं

३६. ऋणीको नामः कल्पना तामाङ, पिता/पतिको नामः मन लाल तामाङ, बाजे/ससुराको नामः कर्ण बहादुर तामाङ, स्थायी
ठेगानाः गागल-भदौरे-३, रामेछाप, ना.प्र.नं.: ७४०४१-२११०४१, कर्जा शीर्षकः साधारण एकलजमानीको नामः प्रशान्त कुमार मोक्तान, पिता/पतिको नामः गंगा बहादुर तामाङ, स्थायी ठेगानाः सिसाखानी-५, काभ्रेपलान्चोक, ना.प्र.नं.: ५५०

३७. ऋणीको नामः बिमला बस्नेत खड्का, पिता/पतिको नामः प्रेम कुमार खड्का, बाजे/ससुराको नामः हर्क बहादुर खड्का, स्थायी ठेगानाः कुबुकास्थली-१, रामेछाप, ना.प्र.नं.: ४९०२५-२११००६, कर्जा शीर्षकः साधारण, एकलजमानीको नामः सरिता बस्नेत, पिता/पतिको नामः उधक बहादुर बस्नेत, बाजे/ससुराको नामः अर्जुन बहादुर बस्नेत, स्थायी ठेगानाः प्रिती-४, रामेछाप, ना.प्र.नं.: २१-०२-७३-००१२३

३८. ऋणीको नामः सविता चापागाई, पिता/पतिको नामः समशेर के.सी, बाजे/ससुराको नामः किशोर कुमार के.सी., स्थायी ठेगानाः नौबिसे-३, धादिङ, ना.प्र.नं.: २६१/३७२७०, कर्जा शीर्षकः साधारण एकलजमानीको नामः गिता चापागाई, पिता/पतिको नामः प्रकाश चापागाई, बाजे/ससुराको नामः राम कृष्ण चापागाई, स्थायी ठेगानाः नौबिसे-१, धादिङ, ना.प्र.नं.: १०२४

३९. ऋणीको नामः निकी श्रेष्ठ, पिता/पतिको नामः केदार राजबाहक, बाजे/ससुराको नामः मान बहादुर राज बाहक, स्थायी ठेगानाः का.म.पा.-२६, काठमाडौं, ना.प्र.नं.: ०२७३१-५०२३, कर्जा शीर्षकः मौसमी

४०. ऋणीको नामः पुजा थापा, पिता/पतिको नामः दिपक श्रेष्ठ, बाजे/ससुराको नामः लाल बहादुर श्रेष्ठ, स्थायी ठेगानाः बाह्रबिसे-२, सिन्धुपाल्चोक, ना.प्र.नं.: २४१०११/१९०५२, कर्जा शीर्षकः साधारण एकलजमानीको नामः दिपक श्रेष्ठ, पिता/पतिको नामः लाल बहादुर श्रेष्ठ, बाजे/ससुराको नामः सुन्दर मान श्रेष्ठ, स्थायी ठेगानाः फुल्पिङकट्टी-४, सिन्धुपाल्चोक, ना.प्र.नं.: १५०३५०

### शाखा कार्यालयः गोकर्णेश्वर, काठमाडौं

४१. ऋणीको नामः निरा गुरुङ, पिता/पतिको नामः खड्ग बहादुर गुरुङ, ससुराको नामः धन बहादुर गुरुङ, स्थायी ठेगानाः रुम्जाटार-३, ओखलढुंङ्गा, ना.प्र.नं.: ३२३/६०८१, कर्जा शीर्षकः साधारण

४२. ऋणीको नामः ममता गौतम, पिता/पतिको नामः बिष्णु हरि भुजेल, बाजे/ससुराको नामः सुन्दर बहादुर भुजेल, स्थायी ठेगानाः इलाम-३, इलाम, ना.प्र.नं.: ३६६५०/५०५४

४३. ऋणीको नामः शान्ती माया घिसिङ, पिता/पतिको नामः निर बहादुर मोक्तान, बाजे/ससुराको नामः अमर व. मोक्तान, स्थायी ठेगानाः जब्दी-६, सर्लाही, ना.प्र.नं.: १९२० ९५/७०, कर्जा शीर्षकः अनुशासन कर्जा एकलजमानीको नामः कुमारी तमाङ, पिता/पतिको नामः सोम वहादुर तमाङ, बाजे/ससुराको नामः पुर्ण बहादुर तामाङ, स्थायी ठेगानाः शिवमन्दीर-२, नवलपरासी, ना.प्र.नं.: २०१८/४३७४

४४. ऋणीको नामः यमुना श्रेष्ठ, पिता/पतिको नामः लक्ष्मण श्रेष्ठ, बाजे/ससुराको नामः हरि श्रेष्ठ, स्थायी ठेगानाः दुधपोखरी-८, दोलखा, ना.प्र.नं.: २७२१८, एकलजमानीको नामः रिता कुमारी श्रेष्ठ, पिता/पतिको नामः पुर्ण प्रसाद श्रेष्ठ, बाजे/ससुराको नामः लाल बहादुर श्रेष्ठ, स्थायी ठेगानाः ताम्चेत दुधपोखरी-८, दोलखा, ना.प्र.नं.: २२१००८/२६

४५. ऋणीको नामः मिठु लामा, पिता/पतिको नामः प्रदिप तामाङ, बाजे/ससुराको नामः टसी तामाङ, स्थायी ठेगानाः चपलीभद्रकाली-१, काठमाण्डौ, ना.प्र.नं.: ४२३९
एकलजमानीको नामः प्रदिप तामाङ, पिता/पतिको नामः टसी तामाङ, बाजे/ससुराको नामः धन बहादुर लामा, स्थायी ठेगानाः काठमाण्डौं-६, काठमाण्डौ, ना.प्र.नं.: ११११५

### शाखा कार्यालयः डिल्लीबजार, काठमाण्डौं

४६. ऋणीको नामः मेनुका पहाडी, पिता/पतिको नामः सागर मणि पहाडी, बाजे/ससुराको नामः नरनाथ पहाडी, स्थायी ठेगानाः काठमाडौं-९, काठमाण्डौ, ना.प्र.नं.: २७-०१-७४-११४३५, कर्जा शीर्षकः साधारण एकलजमानीको नामः सागर मणि पहाडी, पिता/पतिको नामः नरनाथ पहाडी, बाजे/ससुराको नामः देवी प्रसाद पहाडी, स्थायी ठेगानाः काठमाडौं-९, काठमाण्डौ, ना.प्र.नं.: ६६३९१

४७. ऋणीको नामः सुजिता क्षेत्री, पिता/पतिको नामः राजेन्द्र दुलाल क्षेत्री, बाजे/ससुराको नामः पदम बहादुर क्षेत्री, स्थायी ठेगानाः बिराटनगर-६, मोरङ, ना.प्र.नं.: ६२०२९, कर्जा शीर्षकः साधारण, एकलजमानीको नामः सिर्जना कुमारी मिश्र, पिता/पतिको नामः खगेन्द्र क्षेत्री, बाजे/ससुराको नामः पदम बहादुर क्षेत्री, स्थायी ठेगानाः कन्चनपुर-४, सप्तरी, ना.प्र.नं.: ५८५१

४८. ऋणीको नामः नितु शर्मा, पिता/पतिको नामः निरज शर्मा, बाजे/ससुराको नामः टिकाराज शर्मा, स्थायी ठेगानाः बिराटनगर-१८, मोरङ, ना.प्र.नं.: ०५-०१-७०-१९३५०, कर्जा शीर्षकः साधारण, एकलजमानीको नामः निरज शर्मा, पिता/पतिको नामः टिकाराज शर्मा, बाजे/ससुराको नामः इन्द्रयश्वर प्रसाद शर्मा, स्थायी ठेगानाः बिराटनगर-१७, मोरङ, ना.प्र.नं.: ५६६६१

